का.जि.प्र.का.द.नं. १००/०५९/६०
१४ माघ २०८२
बुधबार
28 January 2026
Wednesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक

ई-पेपर हेर्नु

वर्ष २४, अंक ६। पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com

# महँगियो भान्सा

## चुनावको मुखैमा चामल, आटा र तेलको भाउ बढ्यो, ग्यासको अभाव



व्यवसायी चुनावलाई देखाएर कामाउ धन्दामा लागेका छन् । नागरिक बिहान बेलुकाको भान्सासँग जोडिएको विषय अहिले अनुगमन नहुँदा बजारमा महँगी बढेको छ।

● **माधव तिमल्सिना**
**अध्यक्ष**
**उपभोक्ता अधिकार अनुसन्धान मञ्च**



अहिले हरेक दिन मूल्य बढेर आइरहेको छ। पसलपिच्छे समानको मूल्य फरकफरक छ । अस्ति किनेको र आज किनेको सामान फरक भइरहेको छ।

● **वसन्त श्रेष्ठ**
**कोषाध्यक्ष, नेपाल खुद्रा व्यापार संघ**




**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं १३ माघ

एक सातायता खाद्यान्न तथा तरकारीको मूल्य हरेक दिन बढिरहेको छ। देशभर चुनावी सरगर्मी बढिरहेका बेला दैनिक उपभोग्य वस्तुको मूल्य पनि सँगसँगै उकालो लागेको हो ।

खुद्रा बजारमा अहिले खाने तेलको मूल्य ह्वात्तै बढेको छ। १० दिनअघि २ सय ५० रुपैयाँ प्रतिलिटर पाइने सनफ्लावर तेल अहिले ३० रुपैयाँ मूल्य बढेर २ सय ८० रुपैयाँसम्म पुगेको छ। यस्तै, लङग्रेन बासमती, जिरा मसिनो चामलको मूल्यसमेत बोरामा १ सय ५० रुपैयाँसम्म बढेको छ।

मैदा, आँटाको मूल्यमा पनि प्रतिकेजी १० रुपैयाँ बढाइएको छ। यस्तै, अण्डा, माछा, मासुदेखि हरियो तरकारीको मूल्यसमेत ह्वात्तै बढेको छ। दैनिक उपभोग्य समानको मूल्य बढ्दा उपभोक्ताको भान्सा एकाएक महँगिन पुगेको छ। सर्वसाधारणको ध्यान चुनावतिर गएकाबेला भएको मूल्यवृद्धि नियन्त्रणका लागि सरकारी निकायको उदासीनता देखिएको छ।

नयाँ बानेश्वरकी शर्मिला श्रेष्ठले महँगीले गर्दा समान किन्नै नसक्ने अवस्था आएको बताउँछिन्। उनले भनिन्, 'एक साताअघि र अहिले हरेकजसो समानको मूल्य फरक छ। व्यवसायीले अझै महँगिन्छ लैजाने भए अहिले लौजानुहोस् भन्न थालेका छन्।'

चुनावकै मुखमा भएको चर्को मूल्यवृद्धिमा पनि कुनै पनि दल र उपभोक्ता हितका संघसंस्थाले विरोध नगरेकोमा उनले गुनासो गरिन्। 'चुनावमा सधैं महँगी बढ्छ। अहिले पनि नेतालाई चुनाव लागेको छ, हामीलाई महँगी,' उनले भनिन्।

फागुन २१ गते चुनावको चहलपहल बढेसँगै व्यवसायीले आफूखुसी हरेक दिन नयाँ मूल्य तोकिरहेका छन्। एक महिनायता उपभोक्ताले सहजै ग्याससमेत पाउन सकेका छैनन्। अर्कोतर्फ, तरकारीको मूल्य पनि बढेको छ। जबकि किसानले साबिकमै मूल्यमा >>> पृष्ठ २ मा

# घोषणापत्र नलिएरै गाउँ पुगे उम्मेदवार

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १३ माघ




प्रतिनिधिसभाको निर्वाचन आउन ३६ दिन मात्रै बाँकी हुँदा उम्मेदवारहरू घरदैलोमा व्यस्त छन् । देशैभर चुनावी माहोल बनिसकेको छ । उम्मेदवारहरू मतदातामाझ पुगिसके पनि उनीहरूसँग न प्रस्ट एजेन्डा छ, न त साथमा घोषणापत्र ।

दलहरूले चुनावी एजेन्डासहितका वाचापत्र तयारीको अन्तिम चरणमा पुगेको दाबी गरेका छन्। मुख्य दलहरूले चुनावी घोषणापत्रमा संविधान संशोधन, जनअधिकार, पहिचान र समृद्धि मार्गचित्र प्रस्तुत गर्दै छन्। सोही मार्गचित्रका आधारमा जनताको मन जितेर मत लिन अपिल गर्ने बताएका छन्।

चुनावका लागि जसपासहित केही साना दलहरूले घोषणापत्र सार्वजनिक गरिसकेका छन्। तर विघटित प्रतिनिधि सभाका ठुला चार दल नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिस्ट पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीले मतदातामाझ लैजाने प्रतिबद्धताको टुंगो लगाइसकेका छैनन्। घोषणापत्र लेखनको काम अन्तिम चरणमा पुगेको नेताहरूले दाबी गरे पनि उनीहरू एकअर्काको प्रतिबद्धता हेरेर त्यसका आधारमा आफ्नो घोषणापत्र बलियो बनाउने रणनीतिमा देखिन्छन्।

कांग्रेसले पार्टी सभापति गगनकुमार थापाको अध्यक्षतामा घोषणापत्र लेखन समिति गठन गरेको छ। कांग्रेस प्रवक्ता देवराज चालिसेका अनुसार, घोषणापत्र तयारीका लागि देशभरका नेता कार्यकर्ता र शुभेच्छुकहरूबाट सुझाव संकलन गरिइको छ । घोषणापत्र यथाशक्य छिटो विशेष कार्यक्रमका साथ सार्वजनिक गरिने दाबी गर्दै उनले भने, 'हामी सभापति गगन थापालाई प्रधानमन्त्री नै घोषणा गरेर चुनावी मैदानमा छौं । कस्तो नेपाल बनाउने भन्ने भिजनसमेत घोषणापत्रमा आउँछ ।' जेनजी आन्दोलनमा उठेका सुशासन, सेवाप्रवाहलगायतका विषय मुख्य घोषणापत्रमा हुने र बाँकी पार्टीका उम्मेदवारले आआफ्नो निर्वाचन क्षेत्रमा गर्ने काम र योजनाअनुसार छुट्टै घोषणापत्र बनाएर मतदातामाझ लैजाने कांग्रेसको तयारी छ।

> उम्मेदवार चुनावी मैदानमा पठाएर घोषणापत्र लेखिसके पनि प्रतिस्पर्धी दलका प्रतिबद्धता हेरेर मात्रै अन्तिम रूप दिने रणनीतिमा मुख्य दलहरू देखिन्छन्।

एमालेले पनि चुनावी घोषणापत्र तयारी अन्तिम चरणमा पुगेको जनाएको छ । एमालेले अध्यक्ष केपी शर्मा ओली चुनावी क्षेत्रबाट घोषणापत्रलाई अन्तिम रूप दिनकै लागि भक्तपुर फर्किएका छन् । ओलीकै संयोजकत्वमा घोषणापत्र तयारी समिति गठन गरेको केन्द्रीय प्रचार संयोजक मीनबहादुर शाहीले जानकारी दिए । 'जनजीविकाको सवाल, आर्थिक पुनरुत्थान, राष्ट्रिय स्वाभिमान र समावेशी विकासका विषय घोषणापत्रमा समेटिनेछन्,' शाहीले भने । नेकपाले नेता नारायणकाजी श्रेष्ठको संयोजकत्वमा घोषणापत्र लेखन कमिटी गठन गरेको छ। चुनावी घोषणापत्र तयारीको काम अन्तिम चरणमा पुगेकाले चाँडै सार्वजनिक गरिने नेता अग्निप्रसाद सापकोटाले बताए । 'मुलुकको पछिल्लो राजनीतिक अवस्था जेनजी आन्दोलनको समीक्षा र रूपान्तरणका विषयवस्तु घोषणापत्रमा समेटिनेछन्,' सापकोटाले मध्यान्हसँग भने, 'यथार्थपरक भएर विकास निर्माणका प्रतिबद्धता तथा राजनीतिक र संरचनागत रूपान्तरणका विषय प्राथमिकता दिइनेछ । राजनीतिक वैचारिक सिद्धान्तका विषयमा गम्भीर छलफल र बहसको गरेर घोषणा पत्रमा समेट्छौं।' राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# रिंगेट र डलरको विनिमय दर वृद्धिले नेपाली कामदारलाई फाइदा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ माघ

न्यूनतम तलबसहित मलेसियन मुद्रा र अमेरिकी डलरको वृद्धिले मलेसियामा काम गर्ने नेपालीको तलब अघिल्लो वर्षको तुलनामा ३० प्रतिशतभन्दा बढीले बढेको छ । गत वर्ष जनवरीसम्म मासिक न्यूनतम १५ सय रिंगेट कमाउने नेपाली कामदारले त्यतिबेला करिब ४५ हजार रुपैयाँ पाउँथे भने हाल न्यूनतम ६३ हजार २ सय रुपैयाँ हात पारिरहेका छन् ।

गत वर्ष फेब्रुअरीदेखि नै मलेसियामा काम गर्ने स्वदेशी तथा विदेशी सबै कामदारको न्यूनतम तलब २ सय रिंगेट बढेर १७ सय रिंगेट भएको थियो । त्यतिबेला एक मलेसियन रिंगेटको ३० रुपैयाँ हाराहारीमा रहेको सटहीदर मंगलबार ३७ रुपैयाँ १७ पैसा पुगेको छ ।

दक्षिणपूर्वी एसियामा रिंगेट यतिबेला सबैभन्दा बलियो मुद्राको रूपमा अगाडि देखिएको छ। मलेसियन अर्थतन्त्रले गरिरहेको तीव्र प्रगतिले यस वर्षको अन्त्यसम्म १ मलेसियन रिंगेटको सटहीदर ४० रुपैयाँ पुग्ने कतिपयको विश्लेषण रहेको छ।

मलेसियन रिंगेटको सटही तीन मात्रै बढेमा त्यो नेपाली मुद्राको तुलनामा ८ प्रतिशत बढीको वृद्धि हुन जाने छ । तलबमा भएको वृद्धिसँगै मलेसियन रिंगेटको सवलता र अमेरिकी डलरमा पनि भएको मूल्य वृद्धिले यतिबेला मलेसियामा कार्यरत नेपाली कामदारका लागि दुवै हातमा लड्डु जस्तो देखिएको छ ।

कोरोनापछि लामो समय मलेसियाको अर्थतन्त्र मन्दीमा गएपछि धेरैजसोका लागि मलेसियाको रोजगारी अरुचिकर थियो । कतिपयले 'मलेसिया ?' भनेर मलेसियाको रोजगारीलाई खाडी मुलुकको तुलनामा कम देखाउने गरेका थिए । तर 'पालो सबैको आउँछ' भनेझैं >>> पृष्ठ २ मा

## मलेसियाबाट चार नेपाली डिपोर्ट

**काठमाडौं/मस-** मलेसियाले चार नेपालीलाई डिपोर्ट गरेको छ । जनवरी महिनामा १ सय ३१ जना अवैध विदेशी नागरिकलाई डिपोर्ट गर्दा ४ जना नेपाली डिपोर्ट भएका हुन् ।

मलेसियाको पाइनएप्पल टाउन आप्रवासन डिटेन्सन डिपोले विभिन्न देशका नागरिक रहेका १ सय ३१ जना कैदीबन्दीलाई डिपोर्ट गरेको हो । डिपोर्ट गरिएकाहरूलाई प्रणालीमा ब्ल्याकलिस्ट गरी ५ वर्षसम्म मलेसिया प्रवेश गर्न प्रतिबन्ध गरिएको छ ।



# चुनाव निश्चित संसद् भवन अनिश्चित



संसद् बैठक कहाँ बस्ने हो ? सांसदहरू, संसदीय दलका पलदाधिकारीहरू र संसद् सचिवालयका कर्मचारीहरू कहाँ रहने हो ? यो प्रश्न हामीले सरकारलाई गरेका छौं, जवाफ आएको छैन ।

■ **एकराम गिरी**
**प्रवक्ता, संसद् सचिवालय**

> २१ फागुनको चुनावबाट प्रतिनिधि सभा सदस्यहरू निर्वाचित भएर आउने निश्चित छ । तर संसद् बैठक कहाँ बस्ने हो भन्ने अनिश्चित छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १३ माघ

प्रतिनिधि सभा सदस्यको चुनाव निश्चित भएर यससँग सम्बन्धित गतिविधि निकै अगाडि बढिसकेको छ। समानुपातिक र प्रत्यक्षतर्फको मनोनयन दर्ता भएसँगै राजनीतिक दल र उम्मेदवारहरू चुनावी प्रचारमा लागि सके। तर २१ फागुनको चुनावबाट निर्वाचित भएर आउने प्रतिनिधि सभा सदस्य कहाँ बस्ने हो निश्चित भएको छैन। संसद् बैठक कहाँ राख्ने भन्ने विषय अझैसम्म अनिश्चित छ।

संसद् सचिवालयका सहसचिव एवं प्रवक्ता एकराम गिरीका अनुसार यो विषयमा सरकारसँग कुराकानी भएको छ। उनी भन्छन्, 'संसद् बैठक कहाँ बस्ने हो ? सांसदहरू, संसदीय दलका पदाधिकारी र संसद् सचिवालयका कर्मचारी कहाँ रहने हो ? यो प्रश्न हामीले सरकारलाई गरेका छौं, जवाफ आएको छैन।'

गत सोमबार संघीय संसद् सचिवालयका महासचिव पद्मप्रसाद पाण्डे, सचिव रोजनाथ पाण्डेलगायतका संसद्का कर्मचारी सहरी विकास मन्त्रालय पुगेका थिए। उनीहरूले सहरी विकासमन्त्री प्राडा कुमार इङ्नाम र सहरी विकास मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देललगायतसँग भेटे। छलफलमा सहरी विकासमन्त्री इङ्नामले २१ फागुनमा निर्वाचन >>> पृष्ठ २ मा

VACANCY
ANNOUNCEMENT
एक प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
Documentation Officer - (2 Male/2 Female)
Office Cleaner Staff - (1 Female)
SALARY Negotiable
Requirements:-
Experienced in related Manpower Fields.
Send Your CV at document : everestglobalhr@gmail.com
EVEREST GLOBAL HR PVT. LTD.
Govt.Lic.No. 1689/080/081
New Plaza Road, Putalisadak, Kathmandu Nepal
Contact Us at 01- 4527137 / 9857023706 / 9866573177
नोट : सुन्धारामा रहेको होटलमा Cook र Cleaner को लागि पनि आवश्यकता भएकोले यसै सर्म्पक नं मा परामर्श गर्नुहोला ।

भूकम्पबाट जोगिन सचेत बनौं
- भूकम्पको समयमा जोगिने उपायको पूर्वाभ्यास गरौं।
- भूकम्पबाट जोगिन पूर्वतयारी गरौं।
- आफ्नो घरको संरचना भूकम्प प्रतिरोधि बनाऔं।
- परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं।
- भूकम्पको समयमा सुरक्षित स्थानमा बसौं।
- आपतकालीन सामग्री (पिउने पानी, औषधी, बत्ती, खाजा) तयार राखौं।

*भूकम्पको सम्भावित जोखिमबाट बचौं र बचाऔं।*

नेपाल सरकार
विज्ञापन बोर्ड

मध्यान्ह
www.madhyanhadaily.com

१४ माघ २०८२ बुधबार
27 January 2026 Wednesday

# कांग्रेसका १०६ नयाँ अनुहार चुनावी मैदानमा

**काठमाडौं/मस-** नेपाली कांग्रेसले आगामी प्रतिनिधिसभा निर्वाचनमा पुरानै दलबीच नै मुख्य प्रतिस्पर्धा हुने निष्कर्ष निकालेको छ । पार्टी केन्द्रीय कार्यालय सानेपामा सोमबार आयोजित पत्रकार सम्मेलनमा कांग्रेसका प्रवक्ता देवराज चालिसेले फागुन २१ गते हुने निर्वाचनमा पुरानै राजनीतिक शक्तिहरूबीच नै प्रतिस्पर्धा केन्द्रित हुने बताएका हुन् ।

'यो गम्भीर विषय पनि हो र अन्ततः मतदाताले नै निर्णय गर्ने कुरा हो,' चालिसेले भने, 'तर अहिलेको अवस्थाले पुरानै दलबीच प्रतिस्पर्धा हुने संकेत गर्छ ।'

हालै सम्पन्न विशेष महाधिवेशनपछि नयाँ नेतृत्व र संरचनासहित निर्वाचन अभियानलाई तीव्र बनाइएको उनले जानकारी दिए । कांग्रेसले देशभरका १६५ वटै निर्वाचन क्षेत्रमा उम्मेदवारी दिएको उल्लेख गर्दै उनले पार्टीका नीति, योजना र कार्यक्रमलाई प्राथमिकता दिँदै मतदातामाझ विश्वास स्थापित गर्ने प्रयास गरिने बताए ।

उनका अनुसार यसपटक कांग्रेसले १०६ जना नयाँ उम्मेदवारलाई चुनावी प्रतिस्पर्धामा अघि सारेको छ । बागी उम्मेदवारी दिएका नेताहरूलाई उम्मेदवारी फिर्ता लिन निर्देशन दिइसकिएको र अधिकांश स्थानमा उम्मेदवारी फिर्ता भइसकेको उनले जानकारी दिए ।



'जहाँ-जहाँ बागी उम्मेदवारी परेको थियो, पार्टीले औपचारिक निर्देशन दिएको छ, धेरैजसो ठाउँमा फिर्ता समेत भइसकेको छ,' चालिसेले भने ।

कांग्रेसले सातै प्रदेश, जिल्ला, स्थानीय तहदेखि वडा तहसम्म सम्पूर्ण संगठनलाई निर्वाचन केन्द्रित हुन स्पष्ट निर्देशन दिइसकेको छ । निर्वाचन आचारसंहिता पूर्ण रूपमा पालना गर्ने प्रतिबद्धता जनाउँदै पार्टीभित्र आन्तरिक अनुशासन मजबुत बनाउन छुट्टै आन्तरिक आचारसंहिता जारी गरिएको उनले बताए ।

'पार्टीलाई आन्तरिक रूपमा सुदृढ बनाउन आन्तरिक आचारसंहिता लागू गरिएको छ,' उनले भने, 'राष्ट्रिय झण्डाको मर्यादा र सम्मान कायम गर्न सबै नेता-कार्यकर्तालाई निर्देशन दिइसकिएको छ ।'

यसपटक प्रचारप्रसारमा डिजिटल क्याम्पेनिङलाई प्राथमिकता दिने रणनीति पनि कांग्रेसले लिएको छ । सामाजिक सञ्जाल र डिजिटल माध्यममार्फत मतदाता पहुँच विस्तार गर्ने लक्ष्यसहित प्रचार अभियान अघि बढाइने प्रवक्ता चालिसेले बताए । उनका अनुसार संगठनात्मक एकता, अनुशासन र आधुनिक प्रचार विधिलाई आधार बनाएर कांग्रेस निर्वाचनमा जाने तयारीमा छ । विशेष महाधिवेशनपछि पार्टी पंक्तिमा नयाँ ऊर्जा र उत्प्रेरणा थपिएको दाबी गर्दै उनले महाधिवेशनमा सहभागी नहुने नेताकार्यकर्ता पनि पार्टी गतिविधिमा सक्रिय हुन थालेको र अन्य दलका नेता-कार्यकर्ताको कांग्रेस प्रवेश क्रम जारी रहेको बताए ।

कांग्रेसले पार्टी घोषणापत्र लेखन कार्य अन्तिम चरणमा पुगेको जानकारी पनि दिएको छ । केही समयभित्र घोषणापत्र सार्वजनिक गरिने र त्यसमा सुशासन, विकास तथा भविष्यप्रति यथार्थवादी र विश्वसनीय कार्यक्रम समेटिने चालिसेले बताए । उनका अनुसार फागुन ७ गते जनकपुरमा पार्टीको विशेष चुनावी सभा आयोजना गरिनेछ । साथै, देशभर १ सय ६५ वटै निर्वाचन क्षेत्रमा कांग्रेसका उम्मेदवार कायम रहेको पनि उनले पुनः स्पष्ट पारे ।

# देशी, विदेशी शक्तिहरूले ठुलो लगानी गरेका छन् : प्रचण्ड

**काठमाडौं/मस-** नेपाली कम्युनिष्ट कम्युनिष्ट पार्टीका संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन शाहलाई अघि बढाउन बाह्य शक्तिहरूले ठुलो लगानी गरिरहेको आरोप लगाएका छन् ।

मंगलबार काठमाडौंमा आयोजित नेपाली कम्युनिष्ट पार्टीमा चुरे भावर पार्टी समायोजन कार्यक्रममा बोल्दै उनले सो कुरा बताएका हुन् । संयोजक प्रचण्डले विचार, सिद्धान्त, त्याग, तपस्या र बलिदानको आधारमा अघि बढने भन्दा स्टन्टको भरमा लोकप्रिय हुनेहरुलाई देशी, विदेशी शक्तिहरूले ठूलो लगानी गरिरहेको जिकिर गरे ।

उनले मुलुकमा राष्ट्रिय तागतको निर्माण गरी देश र जनताको पक्षमा काम गर्न आफूले कम्युनिष्ट र बामपन्थी शक्तिहरूबीचको एकता अभियानलाई तीव्रता दिनुपरेको समेत बताए ।



संयोजक प्रचण्डले भने, 'अहिले देशमा विचार, सिद्धान्त, राजनीति, त्याग, तपस्या, बलिदानलाई सम्मान गर्ने, त्यसको कदर गर्ने, त्यसको आधारमा सामाज निर्माणको निमित्त भ्रष्टाचारविरुद्ध अभियान चलाउने, सामाजिक न्यायको पक्षमा अभियान चलाउने र आर्थिक पछौटेपनको विरुद्ध आर्थिक विकास निम्ति अभियान चलाउने भन्दा पनि स्टन्ट गरेको भरमा पपुलर हुने र त्यस्तालाई नै प्रमोट गर्न देशी, विदेशी शक्तिहरूले ठुलो लगानी गरेको तपाईं हामीले देखेका छौं । हामीले इतिहासको सम्मान गर्ने, विचारको सम्मान गर्ने, राजनीतिक मूल्यमान्यतामा आधारित आन्दोलनलाई संगठित गर्ने ऐतिहासिक आवश्यकता महसुस गरेर नै नेपाली कम्युनिष्ट पार्टी निर्माण प्रक्रियालाई र ध्रुवीकरण र एकताको प्रक्रियालाई अगाडि बढाएका हौं ।'

संयोजक प्रचण्डले कम्युनिष्ट, देशभक्त शक्तिहरूको एकता प्रक्रियाले मात्रै मुलुकलाई संकटबाट जोगाउने भएकाले सम्बन्धित सबै पक्षले आफूहरूको पार्टी एकता प्रक्रियामा समाहित भएर अघि बढ्नु जरुरी रहेको बताए ।

# आचारसंहिता उल्लंघन गर्नेलाई आयोगको स्पष्टीकरण

**काठमाडौं/मस-** निर्वाचन आयोगले निर्वाचन आचारसंहिता उल्लंघन गरेको आरोपमा राजनीतिक दल, उम्मेदवार, सामाजिक संस्था र विद्यालय गरी विभिन्न सात व्यक्ति तथा निकायलाई स्पष्टीकरण सोधेको छ ।



नेपाल जनसेवा पार्टीकी प्रतिनिधिसभा सदस्य पदको उम्मेदवार जानुका पाठक (शोभा पाठक) लाई सामाजिक सञ्जालमा त्यसै निर्वाचन क्षेत्रका अर्का उम्मेदवार तथा पार्टी विरुद्ध गाली, भ्रामक वा द्वेषपूर्ण र व्यक्तिगत मानहानि गर्ने सामग्री प्रसारण गरी आचारसंहिताको उल्लंघन हुने कार्य गरेको हो वा होइन भनी स्पष्टीकरण सोधेको आयोगका सहायक प्रवक्ता सीता पुन श्रीसले जानकारी दिइन् ।

जसअन्तर्गत निर्वाचन आचारसंहिता, २०८२ को दफा ४ को खण्ड (त्र) र (ण) उल्लंघन गरेको हो वा होइन भनी उनलाई आयोगले स्पष्टीकरण सोधेको हो ।

त्यसैगरी श्रम संस्कृति पार्टीलाई पनि आयोगले दलको लोगो, नाम, चिह्न र उम्मेदवारको तस्बिर अंकित टिसर्ट लगाई बालबालिकाको प्रयोग गरेर आचारसंहिताको उल्लंघन गरेको हो वा होइन भनी स्पष्टीकरण सोधेको उनले बताइन् । यसबाट निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (घ) उल्लंघन भएको ठहर गर्दै आयोगले स्पष्टीकरण सोधेको हो ।

जनसेवा पार्टीकै अर्का उम्मेदवार कमल भुसाल (डा निकोलस) लाई पनि आयोगले सामाजिक सञ्जाल समेतमा सार्वजनिक गरेको जुत्ता सम्बन्धमा जेनजी आन्दोलनमा रगतमा लतपतिएको भाइरल जुत्ता अमुक व्यक्तिको रहेको र सो जुत्ता दरुपयोग भएको भनी उजुरी पर्न आएकाले आयोगले स्पष्टीकरण सोधेको छ ।

नेपाल स्वास्थ्य स्वयंसेवक संघलाई ट्रेड युनियनको अधिवेशन गर्न लागेको भन्ने विषयको उजुरी प्राप्त भएकाले यसमा के कसो भएको हो ? कुन मितिमा अधिवेशन गर्न लागेको हो भनेर स्पष्टीकरण सोधेको आयोगले जनाएको छ । आयोगले स्वास्थ्य स्वयंसेवक संघलाई तीन दिनभित्र लिखित जवाफ पेस गर्न निर्देशन दिएको छ ।

आधारभूत विद्यालय, श्रीसिया, आदर्शचोकलाई विद्यालयमा कार्यरत बालविकास शिक्षिका सन्तोषी गुप्तालाई एवं जोर जुलम करकाप प्रयोग गरी सरुवा गरिएको भन्ने व्यहोराको उजुरी प्राप्त भएकाले यस विषयमा के कसो भएको हो ? भनी स्पष्टीकरण सोधिएको छ । निर्वाचन आचारसंहिता, २०८२ को दफा १० को खण्ड (च) अनुसार सो विद्यालयलाई स्पष्टीकरण सोधिएको पनि आयोगले जनाएको छ । विद्यालयलाई दुई दिनभित्र स्पष्टीकरण पेस गर्न आयोगले निर्देशन दिएको छ ।

नेकपा एमालेका भक्तपुर जिल्ला निर्वाचन क्षेत्र नं २ का उम्मेदवार महेश बस्नेतलाई पनि आयोगले स्पष्टीकरण सोधेको छ । मधेशी समुदायको संस्कृति र पहिचानमाथि प्रहार, भाषिक नश्लवाद र घृणास्पद अभिव्यक्ति दिएकाले कारबाही गरी पाऊँ भन्ने विषयको उजुरी पर्न आएकाले उजुरीमा उल्लेख गरिएजस्तो अभिव्यक्ति दिएको हो वा होइन भनी आयोगले स्पष्टीकरण सोधेको हो । यसबाट नेपालको संविधानको धारा १८, निर्वाचन आचारसंहिता, २०८२ को दफा ४ को खण्ड (ठ), सोही आचारसंहिताको दफा १३ को उपदफा (१) को (त्र), मुलुकी अपराधसंहिता, २०७४ को दफा १५६ र विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ को पनि उल्लंघन भएको हो होइन भनी आयोगले बस्नेतसँग जवाफ माग गरेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वापा) का झापा जिल्ला निर्वाचन क्षेत्र नं. ५ का उम्मेदवार बालेन्द्र शाहलाई सार्वजनिक बहसका लागि एमाले अध्यक्षले सामाजिक सञ्जालमा राखेको विषयमा लेखेको प्रतिक्रियाका बारेमा स्पष्टीकरण सोधेको आयोगले जनाएको छ । आयोगले यसअघि निर्वाचन आचारसंहिता उल्लंघन गर्ने दल, उम्मेदवार, सामाजिक संस्था, सरकारी निकायलगायत आठवटा निकायलाई स्पष्टीकरण सोधेको थियो । आजसमेत गरी आयोगले आचारसंहिता विपरीत काम गरेको उजुरी आएको भनी १५ वटा स्पष्टीकरण सोधेको छ । त्यसमध्ये हालसम्म एउटाको मात्र जवाफ प्राप्त भएको जनाइएको छ ।

# धार्मिक विश्वास र सम्पदालाई असर नपार्न प्रधानमन्त्रीको निर्देशन

**काठमाडौं/मस-** प्रधानमन्त्री सुशीला कार्कीले सडक पूर्वाधारलगायतका विकास निर्माण अघि बढाउँदा धार्मिक विश्वास र सांस्कृतिक सम्पदालाई असर पुऱ्याउन नहुनेमा जोड दिएकी छन् ।



मुलुकको सर्वाधिक महत्वको प्राथमिकता प्राप्त राष्ट्रिय गौरवको आयोजना काठमाडौं-तराई मधेश द्रूतमार्ग निरीक्षणका क्रममा सोमबार सडक निर्माण कार्यदल, कार्यदलद्वारा ललितपुरको खोकनामा आयोजित कार्यक्रममा उनले स्थानीयका सरोकारलाई गम्भीर रुपमा लिई समाधान खोज्न निर्देशन दिइन् ।

प्रधानमन्त्री कार्कीले भनिन्,'स्थानीयका सरोकारलाई गम्भीरतापूर्वक ध्यान दिइ समाधान खोज्नुपर्छ । आवश्यक परेको खण्डमा रेखाकंन र जिरोविन्दु समेत परिवर्तनका लागि तयार हुनुपर्छ । उहाँहरुको विश्वासमा आधात नपुग्ने गरी हाम्रा विकास निर्माण अघि बढाउनुपर्छ ।'

प्रधानमन्त्री कार्कीले भौतिक संरचना लगायतका निर्माण गरिँदा आवश्यक पर्याप्त खाली ठाउँको व्यवस्था मिलाउन समेत सुझाव दिइन् । उनले भनिन्,'प्राकृतिक विपद्को बेला खुला ठाउँको आवश्यक पर्छ, मानिसको ओहारदोहर, मेला, पर्व र भेला तथा जमघटका लागि पनि खुला ठाउँ आवश्यक पर्छ । त्यसकारण खाली ठाउँ देख्ने वित्तिकै संरचना बनाउनुपर्छ भन्ने धारणा त्याग्नुपर्छ । योजना बनाउँदा नै पर्याप्त खाली र खुला ठाउँ छाडेर योजना बनाउने र संरचना निर्माण गर्नुपर्छ ।' यसअघि प्रधानसेनापति अशोकराज सिग्देल र आयोजना प्रमुख उपरथी धर्मेन्द्र झाले आयोजनाको हालसम्मको कार्य प्रगति, चुनौतीलगायतका विषयमा प्रधानमन्त्री कार्कीलाई जानकारी गराएका थिए ।

प्रधानमन्त्रीको निरीक्षण टोलीमा भौतिक पूर्वाधार तथा यातायात मन्त्री, परराष्ट्रमन्त्री, विभिन्न मन्त्रालयका सचिवलगायत छन् । नेपाली सेनाको व्यवस्थापनमा निर्माणाधीन यस मार्गको विस्तृत आयोजना प्रतिवेदन (डिपीआर) स्वीकृतमा समय लाग्दा आयोजनाको काम सुरु गर्न केही ढिलाइ भएको थियो । कुल ७० दशमलव ९७७ किमी लम्बाइको उक्त आयोजनाको भौतिक प्रगति हाल करिव ४५ प्रतिशतको हाराहारीमा पुगेको छ ।

द्रूतमार्गअर्न्तगत ८७ वटाभन्दा बढी पुल निर्माण गर्नुपर्ने छ । तीमध्ये केही विशिष्ट प्रकृतिका ८२ मिटरसम्म अग्ला पुल छन् । त्यस्ता पुलसमेत निर्माणको अन्तिम चरणमा पुगिसकेकाले आयोजना निर्धारित मिति २०८३ चैत मसान्त र प्रारम्भिक अनुमानित लागत दुई खर्ब १३ अर्बभित्रै निर्माण सम्पन्न गर्ने सेनाले जनाएको छ ।

यो काठमाडौं उपत्यकासँग मध्यतराईको सिधा सम्पर्क जोड्ने छोटो दूरीको राजमार्ग हुने छ । निर्माणपछि तराईबाट काठमाडौंमा ल्याइने सामान ढुवानीमा ठूलो मात्रामा लागत र समय घट्ने तथा मुलुकको आर्थिक विकासमा उल्लेख्य टेवा पुग्ने अपेक्षा गरिएको छ । आयोजनाअन्तर्गतका सात वटा सुरुङ छन । सेनाले आयोजनाको लक्ष्यअनुसार कार्यसम्पन्न गर्न विशेष प्रयास गरिरहेको सेनाले जनाएको छ ।

## महँगियो...

तरकारी बेचिरहँदा उपभोक्ताले भने महँगोमा किन्नुपरेको छ । यसले बिचैमा बिचौलियाको चलखेल बढेको पुष्टि हुने उपभोक्ता अधिकारकर्मीहरू बताउँछन् ।

उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमल्सिनाले व्यवसायीहरू चुनावलाई देखाएर कमाउ धन्दामा लागेको बताउँछन् । 'सरकारको ध्यान पनि चुनावमा हुँदा व्यवसायीहरूले यसैलाई बहाना बनाएर मूल्य बढाइरहेका छन्,' उनले भने, 'नागरिक बिहान बेलुकाको भान्सासँग जोडिएको विषय अहिले अनुगमन नहुँदा बजारमा महँगी बढेको छ ।'

अन्तर्राष्ट्रिय बजारमा डलरको बहाना बनाएर व्यवसायीले अत्यावश्यक वस्तुको मूल्य बढाएका हुन् । त्यस्तै, ढुवानी ट्यांकरहरूको कारण देखाउँदै ग्यासको समेत अभाव सिर्जना गरिएको छ । 'नागरिक सरकार छ भनिरहेका छौं तर नागरिकले महँगीको मारमा हुँदा सरकारलाई चासो नै छैन,' तिमल्सिनाले भने ।

नेपाल खुद्रा व्यापार संघका कोषाध्यक्ष वसन्त श्रेष्ठ पनि बजारमा महँगी बढेको स्वीकार्छन् । माघ १ गतेयता तेल, चामलको मूल्य बढेर आएको उनको दाबी छ । 'डलरको भाउ बढेकाले मूल्य बढ्यो भनेर उद्योगीबाटै मूल्य बढाएर पठाएका छन्,' उनले भने, 'अहिले हरेक दिन तेलको मूल्य बढेर आइरहेको छ । अस्ति किनेको र आज किनेकोमै फरक भइरहेको छ ।' एकाएक मूल्यवृद्धिले पसलपिच्छे समानको मूल्य फरकफरक छ ।

## घोषणापत्र...

उपसभापति स्वर्णिम वाग्लेको नेतृत्वमा 'वाचापत्र मस्यौदा कार्यदल' बनाएको छ । सो कार्यदलमा डा. नन्दन यादव, अरनिको पाण्डेलगायतको टिम रहेको प्रवक्ता मनीष झाले बताए । 'भौगोलिक, व्यावसायिक क्षेत्रगत साथै दलको संयन्त्रबाट सुझाव संकलनपश्चात् मस्यौदा बन्दै छ,' उनले भने, 'हाम्रो वाचापत्र फागुनको पहिलो साता सार्वजनिक गर्नेछौं । वाचापत्रमा राष्ट्रिय मुद्दाका साथै कृषि, पर्यटन, रोजगारलगायतका विषयवस्तु समेटिनेछन् ।'

राप्रपाले पनि अध्यक्ष राजेन्द्र लिङ्देनको नेतृत्वमा चुनावी घोषणापत्र लेखन कार्यदल बनाई काम गरिरहेकाले यसै साता सार्वजनिक गर्ने तयारी गरेको छ । घोषणापत्रमा राप्रपाले निरन्तर रूपमा उठाउँदै आएको पूर्ण समानुपातिक निर्वाचन, २०४६ सालपछि उच्चपदस्थ राजनीतिज्ञ र कर्मचारीको सम्पत्ति सार्वजनिकलगायत सामाजिक आर्थिक रूपान्तरणका विषयवस्तु समेटिने पार्टी प्रवक्ता मोहन श्रेष्ठले बताए ।

प्रजातन्त्र पुनर्स्थापना २०४६ पछि मुलुकमा भएका संसदीय निर्वाचनअघि दलहरूले घोषणापत्रमार्फ उठाएका एजेन्डालाई शासनसत्तामा पुगेसँगै बिर्सँदै आएका छन् । चुनावपछि घोषणापत्रमा पस्किएका योजनाहरूले प्राथमिकता पाउने गरेका छैनन् । घोषणापत्रमा समेटिएका विषयवस्तु कार्यान्वयन गर्ने सम्बन्धमा भने कानुनी बाध्यता नभएकाले कार्यान्यवन पक्ष सधैं फितलो हुने गरेको राजनीतिक विश्लेषक अरूण सुवेदी बताउँछन् । साक्षर मतदाताले मत दिँदा घोषणापत्रमा उल्लेख भएका विषयवस्तु हेर्ने, तुलना गर्ने र विश्लेषणका आधारमा मत दिने गरे पनि आममतदातास्तरमा घोषणापत्र पढेरै मतदान गर्ने चलन अझै नभएको उनको टिप्पणी छ ।

## रिंगेट...

अहिले पालो मलेसियाको आएको धेरैको टिप्पणी छ । मलेसियामा अन्य क्षेत्रमा कार्यरत नेपाली कामदार तलब तथा स्थानीय मुद्रा र अमेरिकी डलरको मूल्य वृद्धिले लाभान्वित भएपनि सुरक्षागार्डको काम गर्ने कतिपय नेपालीहरू भने असन्तुष्ट रहेका छन् । उनीहरूको न्यूनतम तलब नपाएको गुनासो बढेपछि मलेसिया सरकारले नेपाली सुरक्षागार्ड कार्यरत ३५ वटा सुरक्षा कम्पनीको निरीक्षण गरेको छ । केही कम्पनीले बढेको तलब र बिदा नदिएको उजुरी ह्वाट्सएप र इमेलमार्फत दैनिक सयौंको संख्यामा दर्ता हुने गरेका छन् । नेपाली सुरक्षागार्डहरूलाई १२ घण्टासम्म काम लगाएर १७ सयदेखि बढीमा दुई हजारसम्म तलब दिएको समाचार मलेसियाली सञ्चारमाध्यम द स्टारले जनाएको छ । मलेसियास्थित नेपाली दूतावासले न्यूनतम १७ सय रिंगेट तलबको बैंक ट्रान्सफरको स्लिप, सामाजिक सुरक्षा कोष र सेवा सुविधा सुनिश्चित नगरेसम्म मागपत्र प्रमाणीकरण नगर्ने बताएको छ । तर सुरक्षागार्डहरूले बढेको तलब नपाउने समस्या समाधान हुन नसकेको बताइएको छ ।

## चुनाव...

भइसकेपछि चैत १ गतेबाट संसद्को बैठक चलाउने सरकारको तयारी रहेको बताएका छन् ।

संसद् सचिवालयका कर्मचारीहरूले भने संसद् बैठकको तयारीका लागि अधिवेशन सुरु हुनुभन्दा १५/२० दिनअगाडि भवन चाहिने बताएको छ । संसद् सञ्चालनका सन्दर्भमा आन्तरिक तयारीका लागि संसद् सचिवालयलाई समय चाहिने भनेर सरकारको ध्यानाकर्षण गरेका हुन् ।

सिंहदरबार भित्रै संसद् भवन बनिरहेको छ । तर निर्माण सकिएको छैन । यो भवन निर्माणको जिम्मा विशेष भवन आयोजनाले लिएको छ । भवन निर्माणको ठेक्का तुन्दी-सेक जेभीले पाएको छ । ठेकेदारले गत पुस १६ गतेभित्र सबै काम सक्नुपर्ने सम्झौता थियो । तर हालसम्म ८८ प्रतिशत मात्रै काम सकिएको छ ।

संसद् सचिवालयले यही माघ ९ गते विशेष भवन आयोजनाका अधिकारीहरूसँग पनि छलफल गरेका थिए । छलफलमा उनीहरूले ब्रिफिङ गरेअनुसार प्रतिनिधि सभा र राष्ट्रिय सभा दुवैको सभा हलको काम सकिएको छ ।

सिंहदरबार भित्र संसद्का लागि १२ वटा भवन बन्दै छन् । त्यसमध्ये ६ वटा भवन चैत १ गते अगाडि नै हस्तान्तरण गर्न सकिने अवस्थामा रहेको आयोजनाले जनाएको छ ।

सहरी विकास मन्त्रालयका निर्माणाधीन संसद्को नयाँ भवन अत्याधुनिक सुविधासम्पन्न छ । सिंहदरबारको पुतली बगैंचामा बन्दै गरेको भवननजिकै राजनीतिक दलका लागि संसदीय दलको कार्यालय राखिएका छन् । संसद् सचिवालय, राष्ट्रिय सभा र प्रनिनिधि सभाका लागि आवश्यक संरचनानजिकै राखिएको छ ।

नयाँ संसद् भवन क्षेत्रको मध्यभागमा भिभिआइपीका लागि प्रवेशद्वार छ । त्यसकै छेउमा कर्मचारी तथा अन्यका लागि प्रवेशद्वार छ । मुख्य गेटबाट प्रवेश गर्नेबित्तिकै प्लाजामा पुगिन्छ । त्यसको एकापट्टि संसद् सचिवालय छ, अर्कोपट्टि प्रतिनिधि सभाको हल छ । सचिवालय र प्रतिनिधि सभाको पछिल्लो भागमा एकापट्टि संसदीय दलको कार्यालय र अर्कोपट्टि राष्ट्रिय सभा छ ।

७ सय सिट क्षमताको प्रतिनिधि सभा बैठक कक्ष छ । सभा हल ४ सय र बाल्कोनीमा ३ सय क्षमता छ । राष्ट्रिय सभाको बाल्कोनीमा २ सय ९० सिट क्षमता छ । ३ सय ५० सिट अट्ने संयुक्त लबी छ ।

साना-ठुला गरी १० वटा राजनीतिक दलका लागि संसदीय दलको कार्यालय र बैठक कक्ष बनाइएको छ । प्रधानमन्त्री, सभामुख, राष्ट्रिय सभा अध्यक्ष, दलका प्रमुख सचेतकलगायतलाई अति विशिष्ट कक्ष तयार गरिएको छ । हरेक कार्यकक्षमा २५ सिटको बैठक हलको व्यवस्था गरिएको छ । संघीय संसद् परिसरमा पुस्तकालय र क्यान्टिन हुनेछ । नयाँ संसद् भवन क्षेत्रभित्र बगैंचा र सानो चौर रहनेछ ।

तर यो भवनमै संसद् बैठक बस्छ वा बस्दैन भन्ने यकिन भएको छैन । यदि समयमै संसद् भवन निर्माणको कार्य नसकिने हो र वैकल्पिक उपाय खोज्ने हो भने त्यसबारे समयमै सोच्न सरकारलाई संसद् सचिवालयले आग्रह गरिसकेको छ ।

संसद् सचिवालयले पत्र नै लेखेर मुख्यसचिव सुमनराज अर्याललाई यस्तो आग्रह गरेको हो । जहाँ फागुन २१ गते हुने प्रतिनिधि सभाको निर्वाचनपश्चात् संसद् बैठक बस्न आवश्यक सभा हल, पदाधिकारी र सचिवालयका कर्मचारीहरूको कार्यकक्ष, संसदीय दलका कार्यालयहरूको व्यवस्थापनबारे ध्यानाकर्षण गरिएको छ ।

'सभा सञ्चालनका लागि आवश्यक अडियो, भिडियो रेकर्डिङ, लाइभ प्रसारण, श्रव्यदृश्य र सूचना प्रविधिसम्बन्धी उपकरणलगायतका भौतिक संरचनासहितको पूर्वाधार नभएकाले सोको आवश्यक व्यवस्था मिलाइदिनुहुन सचिवालय (श्रीमान् महासचिवस्तर)को ...निर्णयानुसार सादर अनुरोध गर्दछु' संसद् सचिवालयले मुख्यसचिव अर्याललाई लेखेको पत्रमा उल्लेख छ ।

# संरक्षित वन्यजन्तु खरिद बिक्री गर्ने पक्राउ

**काठमाडौं/मस-** संरक्षित वन्यजन्तु जीवित कछुवा खरिद बिक्री गर्ने कार्यमा संलग्न रहेको अभियोगमा ललितपुर, ललितपुर महानगरपालिका-३ धोबीघाट बस्ने चितवन भरतपुर महानगरपालिका-१६ घर भएका १९ वर्षीय रोहिम तिवारीलाई आइतबार प्रहरीले पक्राउ गरेको छ ।

अवैध रूपमा संरक्षित वन्यजन्तु जीवित कछुवा ओसारपसार गरी खरिद बिक्री गर्न बोकी हिँडेको भन्ने सूचनाको आधारमा केन्द्रीय अनुसन्धान ब्यूरो लाजिम्पाट खटिएको प्रहरीले उनलाई ललितपुर महानगरपालिका-३ धोबीघाट पक्राउ गरेको हो । प्रहरीले उनको साथबाट ६ वटा जीवित कछुवा समेत बरामद गरेको छ ।

उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि डिभिजन वन कार्यालय गोदावरी ललितपुरमा बुझाइएको छ ।

मध्यान्ह
www.madhyanhadaily.com




# जनार्दनलाई आफैंले बनाएको जनाधार भारी

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, १३ माघ

२०६४ यताका सबै निर्वाचनमा तत्कालीन माओवादी केन्द्रमा सबैभन्दा सुरक्षित उम्मेदवार थिए, जनार्दन शर्मा 'प्रभाकर' । सशस्त्र विद्रोहबाट आएको सो पार्टी नराम्ररी खुम्चिएको २०७० र २०७९ को निर्वाचनमा समेत शर्माले रुकुम पश्चिमबाट सहजै जित हासिल गरेका थिए। उनको अगुवाइमा रुकुमपूर्व र पश्चिममा भएको विकासको अहिले पनि प्रशंसा हुन्छ। पार्टीमा सिंगो कर्णाली प्रदेशमै एकछत्र प्रभाव रहेका तिनै शर्मा यसपटकको निर्वाचनमा भने एक्लिएका मात्र छैनन्, चुनावी नतिजाको पूर्वआंकलनमा 'रेड जोन'मा देखिन्छन्।



पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँगको लामो अन्तरसंघर्षपछि माओवादी केन्द्र र एकीकृत समाजवादी पार्टीको एकीकरणमा उनी सहभागी भएनन् । बरु, पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईको नयाँ शक्ति र रास्वपाबाट निस्केका सन्तोष परियारसँग मिलेर प्रगतिशील लोकतान्त्रिक पार्टी गठन गरे । भट्टराईको दलले प्रयोग गर्दै आएको आँखा चिह्न लिएर चुनावी मैदानमा उत्रिएका शर्मालाई उनकै पूर्वकार्यकर्ता गोपाल शर्माले कडा चुनौती दिँदै छन् ।

माओवादी केन्द्र छाडेदेखि नै रुकुम पश्चिममा आफ्नै पूर्वकार्यकर्ताको विरोध खेप्दै आएका शर्मालाई गृह जिल्लामै कालो झन्डासमेत देखाइयो । हिजो उनकै वरपर देखिने नेता कार्यकर्ताले पनि अहिले साथ दिइरहेका छैनन् । कतिसम्म भने जनार्दनकै भाइ-बुहारी नाता पर्ने तत्कालीन माओवादीका केन्द्रीय सदस्य वसन्त शर्मा र कर्णाली प्रदेश अध्यक्ष विमला केसीले समेत उनको साथ छोडेका छन् । जनार्दनका अर्का विश्वासपात्र तत्कालीन माओवादी रुकुम पश्चिमका संयोजक गोविन्द रोका (सचिन)समेत उनीसँग रहेनन् । प्रचण्डले पटकपटक 'पार्टी छोडेर गए हुन्छ'भन्दा पनि पार्टी नछोडेका शर्माले अन्तिममा आफूखुसी पार्टी छोडेर जाँदा तत्कालीन माओवादीका जिल्ला सचिव राम कार्कीले मात्र साथ दिए।

जर्नादनले २०६४ सालको निर्वाचनमा ५७ दशमलव ११ प्रतिशत मत पाएका थिए । २०७० सालको चुनावमा त्यो मत बढेर ६३ दशमलव २५ प्रतिशतसम्म पुगेको थियो । २०७४ सालको चुनावमा ६६ दशमलव २७ प्रतिशत पाएका उनी २०७९ सालको चुनावमा खसेको ६० हजार १ सय ११ मतमध्ये ३९ हजार ५ सय ४९ मत ल्याएर सहजै जितेका थिए ।

नेकपा छाडेर नयाँ दलबाट चुनावमा उत्रिएका शर्मा र उनकै नेतृत्वमा काम गरेका गोपाल शर्माबीचको प्रतिस्पर्धाले रुकुम पश्चिमको चुनावी माहोल रोचक बनाएको छ । सो क्षेत्रमा नेकपा एमालेले शर्मालाई सघाउने निर्णय गरिसकेको छ । त्यसबापत प्रगतिशील लोकतान्त्रिक पार्टीले साबिक कर्णालीका हुम्ला र जुम्लाबाहेक र राप्तीका अरू जिल्लामा एमालेलाई सहयोग गर्ने सहमति भएको छ । त्यो सहमति खासगरी शर्मा र एमाले महासचिव शंकर पोखरेललाई सघाउ पुग्ने अपेक्षासहित गरिएको देखिन्छ। चुनावी तालमेलसम्बन्धी तीनबुँदे सहमतिपत्रमा एमाले उपाध्यक्ष रामबहादुर थापा बादल र प्रलोपाका अध्यक्ष परिषद सदस्य दुर्गा सोबले हस्ताक्षर गरेका छन् ।

कांग्रेसका राजु केसी र नेकपाका गोपाल शर्मासँगै उनको मुख्य प्रतिस्पर्धा हुने प्रारम्भिक आंकलन छन्। उनीहरूसँगै रुकुम पश्चिममा १२ उम्मेदवार चुनावी मैदानमा छन् । यसपटकको चुनावलाई शर्माले आफ्नो प्रतिष्ठाको लडाइँ बनाएका छन् । देशभरमै सबैभन्दा सुरक्षित क्षेत्र खोज्दै नेकपा संयोजक प्रचण्ड पनि रुकुमपूर्व पुगेका छन्। त्यसैले दुवै क्षेत्रमा जनार्दनको प्रभावको परीक्षण पनि हुने देखिन्छ ।

उनी स्वयं भने नयाँ दलमा भए पनि व्यक्तिगत प्रभाव र विगतका कामको मूल्यांकन गर्दै मतदाताले जिताउने आशामा शर्मा देखिन्छन् । संसद् विघटनका कारण पछिल्लो कार्यकालका अधुरा काम पूरा गर्न पाँचौंपटक चुनावी मैदानमा उत्रिएको शर्माले बताए । 'म सधैंसधैं रुकुमको साझा उम्मेदवारका रूपमा रहेको छु र चुनाव जितेपछि कसैलाई पनि राजनीतिक आस्थाका आधारमा विभेद गरेको छैन । त्यसकारण पनि विपक्षी दलका कार्यकर्ताले मलाई मत दिन्छन्,' उनले भने ।

# दल र उम्मेदवारले बैंकिङ प्रणालीबाट कारोबार गर्नुपर्ने



**काठमाडौं/मस-** निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले प्रतिनिधिसभा सदस्य निर्वाचनमा राजनीतिक दल र उम्मेदवारले बैंकिङ प्रणालीबाट आर्थिक कारोबार गर्नुपर्ने बताएका छन्।

आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरी निर्वाचन आयोगले सोमबार यहाँ आयोजित निजी क्षेत्रका छाता संस्थासँगको अन्तरक्रियामा उनले निर्वाचनका समयमा राजनीतिक दल र उम्मेदवारसँग नगद कारोबार नगर्न आग्रह गरेका हुन् ।

दल र उम्मेदवारले बैंकिङ प्रणाली विपरीत कारोबार गरे उम्मेदवारी रद्दसम्मका कारबाही गर्न सकिने कानुनी व्यवस्था रहेको पनि कार्यवाहक प्रमुख आयुक्त भण्डारीले बताए । उनले मुलुक बङ्गलादेशको जस्तो स्थितिमा गुज्रिनु नपरोस् भनी अनुशासनमा राख्न र लयमा फर्काउन सबै पक्षले निर्वाचनलाई सहयोग गरेको पनि बताए ।

गत भदौ २३ र २४ गतेको अवस्थाबाट देशलाई लयमा फर्काउन निर्वाचन नै उपयुक्त माध्यम हो भनी आयोग सुरुदेखि नै लागिपरेको बताउँदै उाले यसमा व्यवसायी र सञ्चारमाध्यमले पनि सहयोग गरेकामा धन्यवाद दिए । सुशासन र स्थायी शान्ति भएन भने मुलुक अझै पर धकेलिने भएकाले पनि अहिले निर्वाचन नै पहिलो आवश्यकता भएको उनको भनाइ थियो ।

निर्वाचन बिथोल्ने शक्ति अहिले क्षीण भएर गएकाले फागुन २१ गते निर्वाचन हुने विषयलाई अब कसैले नकार्न नसक्ने कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीको भनाइ थियो। राष्ट्रिय झन्डाको दुरुपयोग रोक्न आयोगले सरकारलाई लेखी पठाएपछि गृह मन्त्रालयले सरोकार भएका निकायलाई ध्यानाकर्षण गराई यसको कार्यविधिअनुसार गर्न आह्वान गरेको उनले स्मरण गराए ।

निर्वाचन आचारसंहिताको सबैले पूर्ण पालना नगरेमा कानुन अनुसारका कारबाही गर्ने प्रक्रिया अघि बढाइएको जानकारी पनि कार्यक्रममा उनले गराए । पर्यवेक्षणका नाममा विदेशीहरु पनि विभिन्न रुपमा आउने गरेकाले यसपटक पर्यवेक्षकको पनि पर्यवेक्षण गर्नुपर्ने आवश्यकता औँल्याउँदै कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले निजी क्षेत्रका प्रतिनिधिलाई पनि यसमा सहयोग गर्न आह्वान गरे ।

आयोगका सचिव कृष्णबहादुर राउतले निजी क्षेत्रले निर्वाचन आचारसंहिता पालनामा सहयोग गर्नुपर्ने बताउँदै सबैको सहकार्यमा आवधिक निर्वाचन गराएर लोकतन्त्रलाई स्थायित्व दिनुपर्ने बताए । निर्वाचनका क्रममा करिब ३१ अर्ब खर्च हुने जानकारी गराउँदै उनले त्यसबाट उद्योग, व्यवसायलगायत अर्थतन्त्र चलायमान हुने उल्लेख गरे ।

# गणपति डिलक्सको उत्खनन स्थगित



**तनहुँ/मस-** तनहुँको आबुखैरेनी गाउँपालिका-५ दोन्द्राङवेसीस्थित त्रिशूली नदीमा किनारमा भेटिएको गणपति डिलक्स बसको उत्खननकार्य स्थगित गरिएको छ । उत्खनन सुरु भएको १७औं दिनमा स्थगित गर्ने निर्णय गरिएको सहायक प्रमुख जिल्ला अधिकारी दीपक रेग्मीले जानकारी दिए ।

बसको केही भाग पानीबाट निकालिएको र बाँकी भाग निकाल्न समस्या भएपछि काम रोक्ने निर्णय गरिएको उनले बताए। गत पुस २६ गते त्रिशूली नदीमा बस भेटिएपछि पुस २७ गतेदेखि सुरु गरिएको उत्खनन कार्यको सोह्रौं दिन हिजो बसभित्र मानव कंकाल भेटिएको थियो। बसको भित्री भागबाट मानव कंकाल भेटिएको र यस सम्बन्धमा थप अनुसन्धान भइरहेको सहायक प्रमुख जिल्ला अधिकारी रेग्मीले बताए ।

२०८१ असार २८ गते चितवनको भरतपुर महानगरपालिका-२९ अन्तर्गत सिमलताल क्षेत्रमा गएको लेदोसहितको पहिरोमा परी काठमाडौंबाट गौरतर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००१ ख २४९५ नम्बरको 'गणपति डिलक्स' बस नदीमा हराएको थियो । उक्त बस गत पुस २६ गते तनहुँतर्फ नदी किनारमा भेटिएको थियो ।


## SPARK AUTOMOTIVES PVT. LTD.

**HCV**

| Sn | Model No | Model Name | MRP (NPR) |
|---|---|---|---|
| 1 | ZZ1317V386JC1R | HOWO-NX 8x4 Chassis | 11,500,000.00 |
| 2 | ZZ1257V464JC1R | HOWO-NX 6x4 Chassis | 10,500,000.00 |
| 3 | ZZ4255M3243C1R | HOWO-NX Tractor Truck (6x4) | 10,500,000.00 |
| 4 | ZZ4187N391JC1R | HOWO-NX Tractor Truck (4x2) | 9,400,000.00 |
| 5 | ZZ3257V384JB1 | HOWO-NX Tipper (6X4) | 12,300,000.00 |

**LCV**

| SN | Segment | Model | MRP |
|---|---|---|---|
| 1 | ZZ3168G3615C1R | 4x2 tipper | 7,800,000.00 |
| 2 | ZZ1148F3815E145 | 4x2 cargo truck (20 Ft) | 5,300,000.00 |
| 3 | ZZ1168G4215C1R | 4x2 cargo truck (25 Ft) | 6,400,000.00 |

**Special Vehicle**

| | | | |
|---|---|---|---|
| 1 | ZZ1257V464JC1R | HOWO-NX 6x4 Cement Bulker Truck | 13,000,000.00 |
| 2 | ZZ1148E4525C1R | Fire Fighter Truck (4X4 ) | 10,400,000.00 |
| 3 | ZZ1257V464JC1R | HOWO-NX 6x4 Water Sprinkler (20KL) | 9,400,000.00 |
| 4 | ZZ1257V464JC1R | Transit Mixer Truck | 10,200,000.00 |

**EV Vehicle**

| | | | |
|---|---|---|---|
| 1 | CDW1041H331DZHBEV | EV Truck (100KW) | 6,700,000.00 |
| 2 | CDW1042G331DZHBEV | EV Truck (140KW) | 7,600,000.00 |
| 3 | ZZ3252V4847Z1BEVR | EV 6X4 Tipper | 21,000,000.00 |
| 4 | ZZ1252V4647Z1BEV | EV 6X4 Truck Chassis | 19,500,000.00 |
| 5 | ZZ4252V3847Z11BEV | EV 6X4 Prime Mover | 21,000,000.00 |

**Pick Up**

| | | | |
|---|---|---|---|
| 1 | ZZ1037H351PF5BM | Pick-up S6 | 9,600,000.00 |
| 2 | ZZ1037H352PF5BM | Pick up S6 Auto | 10,300,000.00 |
| 3 | ZZ1037H352PF5B | Pick-up S7 | 11,700,000.00 |
| 4 | ZZ1037H322PF5B | Pick up S9 | 13,000,000.00 |

## युएईमा रोजगार

कम्पनी : ATLANTIC plus TECHNICAL SERVICES
पूर्व स्वीकृत मिति: २०८२/१०/११ चलानी नं.: ६०२५१३५८
शहर : DUBAI LT. No.: 337768

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | A.C Mechanic | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ९९९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 4 | 0 | | 1500 | ५९९५५ | | | | | | | |
| 3. | Concrete Masons | 5 | 0 | | 1500 | ५९९५५ | | | | | | | |
| 4. | Electrical Mechanic | 3 | 0 | | 2500 | ९९९२५ | | | | | | | |
| 5. | Plumber | 3 | 0 | | 1500 | ५९९५५ | | | | | | | |
| 6. | Scaffolder | 5 | 0 | | 1500 | ५९९५५ | | | | | | | |
| 7. | Steel Worker/Steel Fixer | 3 | 0 | | 1500 | ५९९५५ | | | | | | | |

कम्पनी : BEST LION BUILDING MAINTENANCE
पूर्व स्वीकृत मिति: २०८२/१०/११ चलानी नं.: ६०२५१३५७
शहर : AJMAN LT. No.: 337175

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४७९६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Painter | 2 | 0 | | 1500 | ५९९५५ | | | | | | | |
| 3. | Shuttering Carpenter | 2 | 0 | | 1500 | ५९९५५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २१ गते (4 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AASTHA International Employment Pvt. Ltd.
आस्था ईनटरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.
Samakhusi-26, Kathmandu, Nepal
Contact No.: 01 4557947, 9802358233
E-mail: aasthamanpower@gmail.com
Web: www.asthamanpower.com
Goverment LIC No: 718/064/65



## स्थानीय सरकार
## आठविसकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### आठविसकोट, रुकुम (पश्चिम)
### कर्णाली प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना

**प्रकाशित मिति: २०८२/१०/१४ गते**

यस कार्यालयबाट विभिन्न निर्माण कार्य र मालसासमान खरिद का लागि बोलपत्र आह्वान गर्ने **राष्ट्रिय दैनिक** पत्रिकामा प्रकाशित सूचना अनुसार रितपूर्वक दरखास्त परेका बोलपत्रहरु खोल्न गठित समितिले प्रस्तावदाता एवं आमन्त्रित पदाधिकारीहरुको रोहवरमा खोली मूल्यांकनका लागि मूल्याङ्कन समितिमा पेश भई मूल्यांकन समितिले उक्त बोलपत्रहरुको प्राविधिक,आर्थिक तथा व्यापारिक पक्षको मूल्यांकन गरी पेश गरेको प्रतिवेदनको आधारमा तपसिलमा उल्लिखित प्रस्तावदाताको बोलपत्र स्वीकृतिको लागी छनौट गर्ने निर्णय गरिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उप दफा २ को प्रयोजनको लागी यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

तपशिल

| ठेक्का नं. | शिलबन्दी दरभाउपत्रको विवरण | स्वीकृत भएको फर्मको नाम र ठेगाना | कबोल रकम रु.(मू.अ.कर सहित) |
|---|---|---|---|
| AMO/NCB/W-9/2082/083 | Construction of Suwakhola-Silagaun Road at Aathbiskot Municipality-11,Rukum (Western Part). | S.M.T. Khadka Nirman Sewa, Musikot-2,Rukum (Western Part) | 15,31,632.42 |
| AMO/NCB/W-10/2082/083 | Construction of Radio Nepal Chowk to Police office Road at Aathbiskot Municipality-09,Rukum (Western Part). | Yuro Construction Pvt.Ltd., Aathbiskot Municipality-04, Anaha,Rukum (Western Part) | 25,27,432.67 |
| AMO/NCB/W-11/2082/083 | Construction of Black Top Road at Napi to Campus Aathbiskot Municipality-09,Rukum (Western Part). | Curve Engineering And Construction,Kageshwori Manohara-03,Kathmandu | 22,22,337.71 |
| AMO/NCB/W-12/2082/083 | Construction of School Building Sital Basic School at Aathbiskot Municipality-11,Rukum (Western Part). | R.K. Group of construction,Tarkeshwor Municipality-6,Kathmandu | 18,74,927.85 |
| AMO/NCB/W-13/2082/083 | Construction of Syala-Thuma Road at Aathbiskot Municipality-02,Rukum (Western Part). | R.K. Group of construction,Tarkeshwor Municipality-6,Kathmandu | 15,57,958.40 |
| AMO/NCB/W-14/2082/083 | Majhanaha-Judhnedhunga Road Rehabilitation and Upgrading Work at Aathbiskot Municipality-04,Rukum (Western Part). | P.M. Construction And Suppliers Private Limited, Chaurjahari Municipality-11,Rukum (Western Part) | 55,50,909.00 |
| AMO/NCB/W-15/2082/083 | Khaphalchaur Ward Karyalaya-Gharikhola Road Rehabilitation and Upgrading Work at Aathbiskot Municipality-10,Rukum (Western Part). | Bimal Parajuli Construction And Suppliers Pvt.Ltd,Chaurjahari Municipality-03, Rukum (Western Part) | 53,61,189.85 |

नि. प्रमुख प्रशासकीय अधिकृत

मध्यान्ह
www.madhyanhadaily.com
१४ माघ २०८२ बुधबार
27 January 2026 Wednesday

## सम्पादकीय

# महँगी नियन्त्रण होस्

मुलुक २१ फागुनमा हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको माहोलमा प्रवेश गरिसकेको छ । दल, नेता र उम्मेदवार चुनावी प्रचारमा व्यस्त छन् । तर आमनागरिकका लागि भने चुनावभन्दा ठुलो चिन्ता दिनानुदिन बढेको महँगी बन्न पुगेको छ । पछिल्लो एक सातायता बजारमा दैनिक उपभोग्य वस्तुको मूल्य लगभग हरेक दिनजसो फेरिइरहेको छ । चामल, आटा, तेल, ग्यासदेखि तरकारीसम्मको भाउ बढ्दा सर्वसाधारणको भान्सा एकाएक महँगिन पुगेको छ । खुद्रा बजारमा खाने तेलको मूल्य छोटो समयमै उल्लेख्य रूपमा बढेको छ । केही दिनअघिसम्म प्रतिलिटर करिब २ सय ५० रूपैयाँमा पाइने सनफ्लावर तेल अहिले २ सय ८० रूपैयाँसम्म पुगेको छ । चामलतर्फ लङ्ग्रेन बासमती र जिरा मसिनो चामलको मूल्य बोरामा १ सयदेखि १ सय ५० रूपैयाँसम्म बढेको छ । मैदा र आटामा प्रतिकेजी १० रूपैयाँ वृद्धि गरिएको छ । अण्डा, माछा, मासु र हरियो तरकारीको मूल्य पनि एकाएक उकालो लागेको छ ।

यसरी दैनिक उपभोग्य वस्तु महँगिँदा आमनागरिक मारमा परेका छन् । त्योभन्दा गम्भीर कुरा पसलपिच्छे एउटै सामानको मूल्य फरकफरक छ । मूल्यसूची नटाँस्ने, मनपरी मूल्य तोक्ने र 'अब झन् बढ्छ' भन्दै उपभोक्तालाई डर देखाएर किनमेल गराउने प्रवृत्ति बढ्दो छ । ग्यासको अभाव पनि लामो समयदेखि देखिँदै आएको छ, जसले महँगीलाई थप चर्काएको छ । किसानले तरकारी साबिककै मूल्यमा बेचिरहेका भए पनि उपभोक्ताले भने महँगोमा किन्नुपरेको छ । यसले बजारमा बिचौलियाको चलखेल बढेको संकेत गर्छ । नेताहरूलाई चुनाव लागिरहेका बेला आमनागरिकले महँगी भोग्नुपर्ने स्थिति आउनु आफैँमा बिडम्बना हो । आमनागरिकको पेटको समस्या कागजी घोषणापत्रले समाधान गर्दैन । त्यसैले मूल्यवृद्धि तत्काल नियन्त्रणमै सबैको ध्यान जानुपर्छ ।

अन्तर्राष्ट्रिय बजार, डलरको भाउ र ढुवानी समस्यालाई व्यवसायीहरूले कारण देखाए पनि यसको सम्पूर्ण भार उपभोक्तामाथि थोपर्न मिल्दैन । बरू बजारभाउ बढेकोबारे सरकार जवाफदेही बन्नुपर्छ । चुनावका बेला अनुगमन कमजोर हुनु र सरोकारवाला निकायको उदासीनताले बजारमा बढेको अराजकता तुरून्त रोक्नतर्फ लाग्नुपर्छ । महँगी नियन्त्रण गर्नु राज्यको महत्वपूर्ण दायित्व हो । नियमित बजार अनुगमन, मूल्यसूची अनिवार्य कार्यान्वयन, कृत्रिम अभाव र कालोबजारी गर्नेहरूमाथि कडा कारबाही गर्न ढिला गर्नुहुँदैन । चुनावी व्यस्तता उपभोक्तामाथि महँगी लाद्ने बहाना बन्नुहुँदैन ।

# डिजिटल एल्गोरिदम र निर्वाचन

*आगामी फागुन २१ गते हुने निर्वाचनका लागि डिजिटल प्लेटफर्म नै मुख्य युद्धभूमि बनेको छ । घरदैलो कार्यक्रमभन्दा पनि फेसबुक र युट्युब अगाडि आइरहेका छन् । यसले पुराना र नयाँ दलबीच स्पष्ट भिन्नता देखाएको छ ।*

अग्रलेख



● खिमराज गिरी

फागुन २१ मा हुँदै गरेको निर्वाचनमा उम्मेदवारको सूची हेर्दा, राजनीति अब सेवा र दृष्टिकोणभन्दा पनि लोकप्रियता र भाइरल हुने होडमा गएको देखिन्छ । राजनीतिक संस्कार नबुझ्ने मानिसहरुको भीड राजनीतिमा बढेको छ । त्यस्ता व्यक्तिसँग न त देश बनाउने मिसन देखिन्छ न त भिजन र उद्देश्य । साँगै, न नैतिकता र इमान्दारिता पनि देखिन्न । यहाँ त केवल सामाजिक सञ्जालमा भाइरल भएको भरमा सेलिब्रेटी बन्ने र फेसबुकमा लाइक र कमेन्ट धेरै देखिएको कारणले 'म पनि चुनाव जित्ने रहेछु क्यारे' भन्ने भ्रमले अहिले नेपालको राजनीति गाँजिएको छ ।

वास्तवमा आजको राजनीति अब केवल विचार र नीतिमा सीमित छैन । यो युग अब डिजिटल एल्गोरिद्मको हो, जहाँ मतदाताको सोच, भावना र निर्णय क्रमशः कम्प्युटर प्रणालीले विश्लेषण गरेर मानिसको दिमागमा गहिरो तरिकाले प्रभाव पारिरहेको हुन्छ । नेपालजस्ता विकासोन्मुख देशहरूमा डिजिटल एल्गोरिद्म निर्वाचनको सबैभन्दा शक्तिशाली तर देख्न नसकिने शक्तिका रूपमा अगाडि बढेको पाइन्छ ।

डिजिटल एल्गोरिद्म भनेको अहिलेको आधुनिक कम्प्युटर प्रणालीले प्रयोग गर्ने त्यस्ता सूत्र, नियम र गणनात्मक प्रक्रिया हुन्, जसले प्रयोगकर्ताको व्यवहार, रुचि, विचार र गतिविधिको विश्लेषण गरेर उनीहरूलाई लक्षित सामग्री देखाउँछ । फेसबुक, युट्युब, टिकटक, एक्स वा गुगल- यी सबै एल्गोरिद्ममै चल्छन् । साधारण अर्थमा भन्नुपर्दा तपाईं के गर्नुहुन्छ, के खानुहुन्छ, तपाईं कुन राजनीतिक दलसँग आवद्ध हुनुहुन्छ भन्ने कुरा धेरै हदसम्म एल्गोरिद्मले तय गरिदिन्छ ।

यसरी निर्वाचनमा डिजिटल एल्गोरिद्म कसरी प्रयोग हुन्छ भन्ने कुरा विशेषगरी तीन तहमा विभाजन गरिएको हुन्छ । पहिलो नम्बरमा प्रचार-प्रसार । अर्थात् गरिब, युवा, बेरोजगार, मध्यम वर्ग, विदेशमा रहेका नेपाली- यी सबैका लागि फरक-फरक सन्देश तयार पारिन्छ । मानौँ एउटै नेताको बानी-व्यवहारबारे हरेक प्रकारका मानिसलाई फरक-फरक ढंगबाट भिडियो सामग्री तयार पारेर देखाइन्छ । दोस्रो तरिका हो- भावनात्मक ध्रुवीकरण । यसमा एल्गोरिद्मले सबैभन्दा धेरै प्रतिक्रिया आउने सामग्रीलाई प्राथमिकता दिन्छ । जस्तै : डर, घृणा, आक्रोश, राष्ट्रवाद, जातीय वा धार्मिक भावना आदिबारे उक्साउने खालको कन्टेन्ट सिर्जना गरिन्छ ।

तेस्रो तरिका हो- समाजमा भ्रम र अर्धसत्यको विस्तार हो । यसमा प्रायः गरिब देशहरूमा मिडिया साक्षरताको स्तर कमजोर हुन्छ । एल्गोरिद्मले तथ्य वा विषयगत गहिराइभन्दा पनि इन्गेजमेन्ट हेर्ने भएकाले झुट, अर्धसत्य र अफवाह सजिलैसँग हाम्रो जस्तो समाजमा फैलिन कुनै कठिनाइ हुँदैन ।

यस्ता कुराबाट गरिब देशहरू छिट्टै प्रभावित हुन्छन्, किनकि त्यहाँ कमजोर शिक्षा प्रणाली, न्यून डिजिटल साक्षरता, स्वतन्त्र रूपमा तथ्य जाँच गर्ने प्रणालीको अभाव र आर्थिक प्रलोभनका कारण मानिसको भावना तुरुन्तै परिवर्तन हुन्छ । यिनै कारणले आधुनिक प्रविधिसँगै डिजिटल एल्गोरिद्म लोकतन्त्रको सहयोगी मात्र नभई साधारण जनताको नियन्त्रण कवच पनि हो भन्ने कुरा बुझ्नुपर्दछ ।

आगामी फागुन २१ गते हुने निर्वाचनका लागि डिजिटल प्लेटफर्म नै मुख्य युद्धभूमि बनेको छ । घरदैलो कार्यक्रमभन्दा पनि फेसबुक र युट्युब



अगाडि आइरहेका छन् । यसले पुराना र नयाँ दलबीच स्पष्ट भिन्नता देखाएको छ । पुराना दलहरूले लामो समय शासन गरेर जनतामा नैराश्यता बढाएको, भ्रष्टाचार बढी भएको, ऐस-आराम र सुविधा बढी लिएको भन्ने सत्य वा भ्रम समाजमा फैलिएको छ । त्यसकै कारण अहिले नयाँ दल र नयाँ नेताको नाममा कोही कलाकार, गायककार, चाटुकार, फेसबुके पत्रकार, युट्युबे गफाडी- जसलाई जे आउँछ त्यही सोच लिएर संसद भवन छिर्ने उद्देश्यसहित उम्मेदवारी दिएको देखिन्छ ।

पुराना दल र नेताहरू विवादमा परे पनि नयाँको भने स्पष्ट भिजन, मिसन, उद्देश्य र चुनावी एजेन्डा हुनुपर्ने हो । तर त्यो नभई नेताका लागि नेता बन्ने होडबाजी मात्रै देखिन्छ । कोही मिडिया सञ्चालन गरिरहँदा किसानको खेतबारीमा घाँस काट्न दौडिएका छन्, मानौँ राजनीति अभिनयको अर्को दृश्य हो । यसरी पुराना दलका नेताहरूको जनतामाझ प्रस्तुत हुने शैली नयाँको भन्दा केही फरक छ- जस्तै भाषण काटेर भिडियो बनाउने, विरोधीलाई गाली गर्ने, युवा पुस्तालाई बेवास्ता गर्ने, दलहरूबीच विश्वासको कमी हुनु आदि ।

नयाँ दलका नेताहरूको संगठन कमजोर भए पनि डिजिटल आक्रमण गरेर एल्गोरिद्मलाई हतियार बनाइएको देखिन्छ । त्यसअनुसार छोटो तर भावनात्मक, सर्वसाधारणले पत्याउने खालका भिडियो बनाउने, पुराना सबै खराब भन्ने भाष्य निर्माण गर्ने, युवालाई लक्षित गर्ने, लाइभ, भ्लग र स्टोरीमार्फत प्रत्यक्ष संवाद गर्दै निराश मतदातालाई आफूतिर आकर्षित गर्ने प्रवृत्ति बढेको छ । यो पनि डिजिटल एल्गोरिद्मकै कमाल हो ।

यसरी डिजिटल एल्गोरिद्मले बोल्न जान्ने र अभिनय गर्न सक्ने क्षमता त मापन गर्न सक्छ, तर नीति, राजनीतिक संस्कार, अनुभव, धैर्यता र राज्य सञ्चालनको ज्ञान मापन गर्न सक्दैन । त्यसैले नेपालको सन्दर्भमा एल्गोरिद्मको राजनीति चुनाव जित्ने खेलमा केन्द्रित छ ।

नेपालजस्तो देशमा डिजिटल एल्गोरिद्म प्रयोग भइरहँदा पत्रकार, नागरिक समाज र आम मिडियाको भूमिका निर्णायक हुन सक्छ । एल्गोरिद्मले नछानेको सत्य देखाउने, लोकप्रियभन्दा पनि आवश्यक प्रश्न उठाउने, नयाँ र पुराना दुवै दलको तथ्यमा आधारित

> *डिजिटल एल्गोरिद्म आफैँमा खराब होइन । तर गरिब देशमा नियमनको कमी, साक्षरताको अभाव, राजनीतिक चेतना नभएकाहरूले डिजिटल क्रेज प्रयोग गरी जनप्रतिनिधि बन्न खोज्नुजस्ता कारणले यो लोकतन्त्रको शत्रु पनि बन्न सक्छ ।*

मूल्यांकन गर्ने काम उनीहरूले गर्नुपर्छ । जेनजीको नाममा घाइते र मृत्यु भएकाका परिवार तड्पेर बस्नुपर्ने तर फाइदा अरूले लिने स्वार्थीपन बुझेर त्यसको पर्दाफास गर्नुपर्छ । विदेशी चलखेलको वास्तविकता औंल्याएर जनतालाई सचेत गराउनु आवश्यक छ ।

त्यस्तै, नागरिकले पनि कुनै समाचार पढ्नु अघि, शेयर, कमेन्ट वा लाइक गर्नु अघि विचार पुऱ्याउनुपर्छ भन्ने तथ्यबारे जानकारी र सचेतना फैलाउनुपर्छ । भावनामा बगेर अगाडि बढ्दा सर्वसाधारण व्यक्तिहरूको विश्वास गुम्न सक्छ । त्यसैले डिजिटल एल्गोरिद्मले देखाएको संसार मात्र वास्तविक संसार होइन भन्ने कुरा सबैले बुझ्ने प्रयास गर्नुपर्दछ ।

निष्कर्षमा भन्नुपर्दा, डिजिटल एल्गोरिद्म आफैँमा खराब होइन । तर गरिब देशमा नियमनको कमी, साक्षरताको अभाव, राजनीतिक चेतना नभएकाहरूले डिजिटल क्रेज प्रयोग गरी जनप्रतिनिधि बन्न खोज्नुजस्ता कारणले यो लोकतन्त्रको शत्रु पनि बन्न सक्छ । तसर्थ, आगामी फागुन २१ गतेको आम निर्वाचन एल्गोरिद्मले बनाएको भ्रम र नागरिकको विवेकले गरेको निर्णयबीच छनोट गर्ने दिन हो । सदैव बुझ्नुपर्ने कुरा के हो भने स्क्रिनले गरेको निर्णयले सत्ता त फेरिन्छ, तर देशको मुहार फेरिँदैन । किनकि जबसम्म नेपालको राजनीतिक, सामाजिक, धार्मिक र सांस्कृतिक क्षेत्रमा विदेशीहरूद्वारा परिचालित विभिन्न संघ-संस्थाको बोलवाला रहन्छ र नेपालीहरू पनि मनि र मसलमा बिकिरहन्छन्, तबसम्म देशको उन्नति र प्रगतिका बाधक तत्व यिनै रहनेछन् ।

## इतिहासमा आज

२८ जनवरी १९८२ मा अमेरिकी सेनाका जनरल जेम्स एल. डोजियरलाई इटालियन आतंकवाद विरोधी बलहरूले रेड ब्रिगेडहरूको कैदबाट उद्धार गरेका थिए ।



२८ जनवरी १९८८ मा क्यानडाको सर्वोच्च अदालतले गर्भपतन विरोधी सबै कानुन खारेज गर्ने फैसला सुनाएको थियो ।




२८ जनवरी २००६ मा पोल्याण्डको काटोविस अन्तर्राष्ट्रिय मेलामा एउटा भवनको छत हिउँको भारका कारण भत्किएको थियो, जसमा ६५ जनाको मृत्यु भएको थियो भने १ सय ७० भन्दा बढी घाइते भएका थिए ।



२८ जनवरी २०२१ मा जर्जियाको गेनेसभिलमा रहेको कुखुरा खाद्य प्रशोधन सुविधामा नाइट्रोजन चुहावट हुँदा ६ जनाको मृत्यु भएको थियो भने कम्तिमा १० जना घाइते भएका थिए ।



## सामाजिक सञ्जाल




**किशोर नेपाल**

फागुन २१ को निर्वाचनको परिणाम कस्तो आउला ? अनुमान गर्नु त्यति सहज छैन । प्रधानमन्त्रीका लागि केपी शर्मा ओली, बालेन्द्र साह र गगन थापाका नाम प्रचारमा आएका छन् । तर राजनीतिको अप्ठ्यारो बाटोमा जे पनि हुन सक्छ । निर्वाचन हुन नसक्ने परिस्थिति पनि बन्न सक्छ । राजनीति सम्भावनाहरूको खेल हो !



**केशव दाहाल**

यो चुनावको सबैभन्दा बलियो पक्ष नयाँ पुस्ताको राजनीतिक सहभागिता र क्रम भंगता हो । यो चुनावले धेरै कुरामा २०४६ पछिको निरन्तरता तोड्नेछ । यो चुनावको सबैभन्दा कमजोर पक्ष यसले राजनीतिक चरित्र गुमाउनु हो । २०१५ सालदेखि यता भएका सबै चुनाव एजेन्डा-केन्द्रित थिए । तर यो चुनावमा फगत 'देश बनाउने' नारा छ, तर कसरी देश बन्छ, त्यसको खाका र एजेन्डा छैन ।



**दिल निशानी मगर**

पहिले जनताहरू बन्दुकसँग डराउँथे, अहिले जनताहरू क्यामेरासँग डराउँछन् । पहिले ज्यानको हत्या हुने भएकाले डराउँथे, अहिले चरित्रको हत्या हुने भएकाले डराउँछन् । त्यही भएर होला केही महिना अगाडि इलोन मस्कले भनेका थिए- भलादमिर पुटिन र किम जोन उनको क्षेप्यास्त्रभन्दा मेरो स्टार लिंक बलियो छ ।



**नारायण अमृत**

'भदौ २२ अघि र २५ भदौ पछिको नेपाल' नयाँ कोर्समा छ भन्ने मान्ने हो भने एमाले अध्यक्ष केपी ओलीसँग कुनै पनि उम्मेदवारले सार्वजनिक बहस गर्नु बेकार छ । ओली जसले नयाँ पुस्ताको अपेक्षा, आकांक्षा र सहादतलाई स्विकार्न तयार छैनन्, उनीसँग बहसका लागि तयार हुनु भनेको उनको राजनीतिक सान्दर्भिकता स्विकार्नु हो ।

# चुनावबाट कस्ता नेतालाई जिताउने ?

विचार



● खगेन्द्र पौडेल

> *इमानदारी, दृष्टिकोण, क्षमता, जनउत्तरदायित्व, समावेशी सोच र कानुनप्रतिको सम्मान भएका नेताको छनोट नै देशको उज्ज्वल भविष्यको आधार हो । लोकतन्त्रमा मतदाताको एउटा मत सानो देखिए पनि त्यसको प्रभाव ठुलो हुन्छ ।*

चुनाव लोकतन्त्रको मूल आधार हो । जनताले आफ्ना प्रतिनिधि आफैंले छानेर शासन प्रणालीमा सहभागी हुने अवसर यही माध्यमबाट प्राप्त गर्छन् । तर चुनाव केवल मतदान गर्ने प्रक्रिया मात्र होइन, यसले देशको भविष्य कस्तो दिशामा जान्छ भन्ने कुरा पनि निर्धारण गर्छ । त्यसैले चुनावमा कस्ता नेता रोज्ने भन्ने विषय अत्यन्त गम्भीर र सोचनीय हुन्छ । सही नेतृत्वको छनोटले देशलाई समृद्धि, स्थिरता र सुशासनतर्फ लैजान सक्छ भने गलत छनोटले देशलाई लामो समयसम्म संकटमा पार्न सक्छ ।

सबैभन्दा पहिले नेता इमानदार र नैतिकवान हुनुपर्छ । इमानदारी भनेको केवल भ्रष्टाचार नगर्नु मात्र होइन, जनतासँग गरेको प्रतिबद्धतामा दृढ रहनु पनि हो । चुनावको बेला ठूला-ठूला आश्वासन दिने तर जितेपछि जनताको दुःख-सुख बिर्सने प्रवृत्ति हाम्रो समाजमा नयाँ होइन । त्यसैले मतदाताले नेताको विगतको व्यवहार, जीवनशैली र सार्वजनिक छविलाई ध्यानपूर्वक हेर्नु आवश्यक हुन्छ । जसले सार्वजनिक जीवनमा पारदर्शिता अपनाएको छ र व्यक्तिगत लाभभन्दा सार्वजनिक हितलाई प्राथमिकता दिएको छ, त्यस्ता नेतामाथि विश्वास गर्न सकिन्छ ।

नेतामा स्पष्ट दृष्टिकोण र दूरदर्शिता हुनु अर्को महत्वपूर्ण पक्ष हो । देशको समस्या आज मात्र होइन, भोलि पनि समाधान गर्न सक्ने सोच नेता बन्न आवश्यक छ । शिक्षा, स्वास्थ्य, रोजगारी, कृषि, उद्योग, वातावरण र प्रविधि जस्ता क्षेत्रलाई कसरी विकास गर्ने भन्ने ठोस योजना बिना नेता सफल हुन सक्दैन । केवल भावनात्मक भाषण वा अरूलाई दोषारोपण गरेर देश चल्दैन । मतदाताले नेता र नेता आबद्ध दलले अगाडि सार्ने घोषणापत्र, विचार र नीति कति यथार्थपरक छन् भन्ने कुरा बुझ्न प्रयास गर्नुपर्छ ।

साँगै, नेता सक्षम र निर्णय गर्न सक्ने हुनुपर्छ । नेतृत्व भनेको केवल भाषण गर्ने क्षमता होइन, सही समयमा सही निर्णय लिन सक्ने साहस र क्षमता पनि हो । संकटको समयमा जिम्मेवारीबाट भाग्ने होइन, समस्या समाधानको अगुवाइ गर्ने नेता नै सच्चा नेता हो । विगतमा उनले कुनै संस्था, समुदाय वा जिम्मेवारी कसरी सम्हालेका छन् भन्ने कुराले उनको क्षमता मापन गर्न मद्दत गर्छ । अनुभव र ज्ञानको संयोजन भएको नेतृत्वले मात्र जटिल राजनीतिक, आर्थिक र सामाजिक चुनौतीको सामना गर्न सक्छ ।

जनतासँग नजिक रहने र जनताको आवाज सुन्ने गुण पनि नेता छनोटको आधार हुनुपर्छ । नेता भनेको जनतामाथि शासन गर्ने व्यक्ति होइन, जनताको सेवक हो । जो नेता चुनावपछि पनि जनतासँग सम्पर्कमा रहन्छ, समस्या सुन्छ र समाधानका लागि पहल गर्छ, उसले जनताको वास्तविक प्रतिनिधित्व गर्छ । गाडीको सिसा बन्द गरेर हिँड्ने र जनताको पीडाबाट टाढा बस्ने नेतृत्वले लोकतन्त्रको मर्म बुझ्न सक्दैन ।

नेतामा समावेशी सोच र सहिष्णुता हुनु आजको बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक समाजका लागि अत्यन्त आवश्यक छ । देशका सबै नागरिक समान हुन् भन्ने भावना नेतृत्वमा स्पष्ट देखिनुपर्छ । जात, धर्म, क्षेत्र वा लिङ्गका आधारमा विभाजन गर्ने होइन, एकतामा बाँध्ने नेता रोजिनुपर्छ । विभाजनकारी राजनीति छोटो समयका लागि फाइदाजनक देखिए पनि दीर्घकालमा यसले समाजमा द्वन्द्व र अविश्वास मात्र बढाउँछ ।

त्यसैगरी, कानुनको शासनमा विश्वास गर्ने नेता छनोट गर्नु अनिवार्य छ । आफू वा आफ्नो दल सत्तामा हुँदा एक किसिमको नियम र विपक्षमा हुँदा अर्कै किसिमको व्यवहार गर्ने प्रवृत्ति लोकतन्त्रका लागि घातक हुन्छ । सबै नागरिक कानुन अगाडि बराबर छन् भन्ने मान्यतालाई व्यवहारमा लागू गर्न सक्ने नेता नै योग्य हुन्छ । न्याय प्रणालीको सम्मान गर्ने, प्रेस स्वतन्त्रतालाई संरक्षण गर्ने र आलोचनालाई सहने क्षमता भएको नेतृत्वले मात्र लोकतन्त्रलाई बलियो बनाउँछ ।

नेतृत्व चयनमा मतदाताको भूमिका पनि अत्यन्त महत्वपूर्ण हुन्छ । नेता छनोट गर्दा लोभ, डर वा क्षणिक भावनामा बग्नु हुँदैन । पैसाको प्रभाव, जातीय आग्रह वा पार्टीप्रतिको अन्धो समर्थनले सही निर्णय गर्न सकिँदैन । सचेत मतदाताले प्रश्न गर्छ, तुलना गर्छ र आफ्नो मतको मूल्य बुझ्छ । जब मतदाता जिम्मेवार बन्छ, तब मात्रै योग्य नेता अगाडि आउँछन् ।

यसरी हेर्दा, इमानदारी, दृष्टिकोण, क्षमता, जनउत्तरदायित्व, समावेशी सोच र कानुनप्रतिको सम्मान भएका नेताको छनोट नै देशको उज्ज्वल भविष्यको आधार हो । लोकतन्त्रमा मतदाताको एउटा मत सानो देखिए पनि त्यसको प्रभाव ठूलो हुन्छ । सही निर्णयले मात्र समृद्ध, न्यायपूर्ण र सशक्त राष्ट्र निर्माण सम्भव हुन्छ ।

# घृणाजन्य अभिव्यक्ति बन्द गर्न मानवअधिकार आयोगको आग्रह

**काठमाडौं/मस-** राष्ट्रिय मानवअधिकार आयोगले शान्ति सुरक्षामा असर पर्ने घृणाजन्य अभिव्यक्ति बन्द गराउन आग्रह गरेको छ।

आयोगका प्रवक्ता डा.टीकाराम पोखरेलले जारी गरेको प्रेस विज्ञप्तिमा घृणाजन्य अभिव्यक्तिले समाजमा घृणा फैलाउनुका साथै शान्तिसुरक्षामा समेत चुनौती सृजना गर्नसक्ने हुँदा शान्ति सुरक्षालाई थप मजबुत बनाउन आयोग नेपाल सरकारलाई आग्रह गरेको हो।




विज्ञप्तिमा भनिएको छ,'कसैले पनि नेपालको संविधान, कानुन र मानवअधिकारका अन्तरराष्ट्रिय मूल्यमान्यताविपरीत घृणाजन्य अभिव्यक्ति नदिन, सामाजिक सञ्जालको प्रयोग गर्दा शिष्ट एवं मर्यादित भएर एकअर्काप्रति मानव अधिकारमैत्री भाषाको प्रयोग गर्न, घृणायुक्त अभिव्यक्तिको प्रचारप्रसार नगर्न र निर्वाचन आचारसंहिताको पूर्णपालना गर्न आयोग राजनीतिक दलका नेता, उम्मेदवार एवं सर्वसाधारणलाई आग्रह गर्दछ।'

आगामी फागुन २१ गते हुने आसन्न प्रतिनिधिसभाको निर्वाचन नजिकिँदै गर्दा विगत केही दिनयता विभिन्न राजनीतिक दलका जिम्मेवार व्यक्तिहरूबाट एकअर्काप्रति आक्षेप लगाउने, घृणाजन्य अभिव्यक्तिहरू दिने तथा एक अर्काप्रति गरिएको अमर्यादित आरोपप्रत्यारोपप्रति आयोगले ध्यानाकर्षण भएको जनाएको छ।

'यस प्रकारका घृणाजन्य अभिव्यक्तिले अराजकतालाई प्रश्रय दिने र निर्वाचनको समयमा शान्तिसुरक्षामा समेत असर पर्ने देखिन्छ', विज्ञप्तिमा भनिएको छ, 'नेपालको संविधान र मानवअधिकारसम्बन्धी अन्तरराष्ट्रिय कानुनहरुले अभिव्यक्ति तथा विचारको स्वतन्त्रताको प्रत्याभूति गरेको भए तापनि अरुको मर्यादामा चोट पुग्ने र शान्ति सुरक्षामा आँच पुग्न सक्ने विषयलाई विशुद्ध विचार र अभिव्यक्ति स्वतन्त्रताको मात्र विषय मान्न सकिँदैन।'

आयोगले आफ्नो अधिकारको प्रयोग गर्दा अरुको अधिकारमा पर्नसक्ने असरप्रति जिम्मेवार व्यक्तिले सधैँ ध्यान पुर्‍याउनुपर्नेमा जोड दिएको छ।

# यातायात कार्यालय सुधारका लागि संसदीय समितिको १० बुँदे निर्देशन



**विराटनगर/मस-** कोशी प्रदेशसभाको न्याय, प्रशासन तथा विधायन समितिले प्रदेशका यातायात व्यवस्था कार्यालयहरूको स्थलगत अनुगमनपछि तयार पारेको प्रतिवेदन र सुझावसहितको १० बुँदे निर्देशन सरकारलाई बुझाएको छ।

सोमबार बसेको समितिको बैठकपछि समितिकी सभापति कमला दर्नालले आन्तरिक मामिला तथा कानुनमन्त्री इन्द्रमणि पराजुलीलाई प्रतिवेदन हस्तान्तरण गरेकी हुन्। प्रतिवेदनमा इटहरीस्थित यातायात व्यवस्था कार्यालयको अवस्थालाई गम्भीर रूपमा चित्रण गरिएको छ। प्रतिवेदन अनुसार 'जेन-जी' आन्दोलनका क्रममा भएको आगजनीबाट कार्यालयका महत्वपूर्ण दस्तावेज र अभिलेख जलेर नष्ट भएका छन्। त्यसकारण सवारीसाधन नामसारी, नवीकरण तथा लाइसेन्स वितरणजस्ता संवेदनशील सेवामा गम्भीर समस्या देखिएको उल्लेख छ।

हाल कार्यालयले झ्याल-ढोकामा पाल टाँगेर सेवा प्रवाह गरिरहेको जनाइएको छ। उदयपुरमा लाइसेन्स वितरण गर्ने कार्यालय र सवारीतर्फको कार्यालय टाढा-टाढा रहेकाले सेवाग्राहीले कठिनाइ भोग्नु परेको र दुवै कार्यालयलाई नजिकै व्यवस्थापन गर्न समितिले सुझाव दिएको छ। धनकुटा, विराटनगर र ओखलढुंगाका यातायात कार्यालयहरू भाडाको साँघुरो भवनमा सञ्चालन हुँदा पार्किङमा समस्या देखिएको प्रतिवेदनमा उल्लेख छ। धनकुटा, इलाम र उदयपुरका कार्यालयमा बैंकको उपस्थिति नहुँदा संकलित नगद राजस्व साँझ बैंकसम्म पुर्‍याउँदा सुरक्षा चुनौती उत्पन्न भएको समितिको ठहर छ।

कानुनी तथा प्रक्रियागत सुधारका सन्दर्भमा, विदेशमा रहेका सवारीधनीको स्वामित्व हस्तान्तरणमा विद्यमान कानुनी व्यवस्थाले अवरोध सिर्जना गरेको गुनासो आएपछि त्यसमा संशोधन गर्न निर्देशन दिइएको छ। अपांगता भएका व्यक्तिले चलाउने अपांगमैत्री सवारीका लागि लाइसेन्स वितरणसम्बन्धी स्पष्ट कानुनी व्यवस्था गर्न तथा विद्युतीय सवारीको प्रयोगात्मक परीक्षा (ट्रायल) विद्युतीय साधनबाटै लिन पाउने व्यवस्था मिलाउन समितिले सरकारलाई निर्देशन दिएको छ।

प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन र नियमावली बने पनि मजदुर संगठनका प्रतिनिधि मनोनयन नहुँदा 'यातायात व्यवस्थापन समिति' पूर्ण नहुँदा काम प्रभावित भएको प्रतिवेदनमा औंल्याइएको छ। अतिरिक्त समय काम गर्ने करार कर्मचारीले रु पाँच हजार महँगी भत्ता नपाउँदा मनोबल खस्किएको र त्यसले सेवा प्रवाहमा असर परेको निष्कर्ष समितिले निकालेको छ।

समितिले नागरिक सहायता कक्षलाई थप व्यवस्थित बनाउन, प्रविधिमा सुधार गर्न तथा भौतिक संरचना निर्माणका लागि आवश्यक बजेट तत्काल सुनिश्चित गर्न सरकारको ध्यानाकर्षण गराएको छ।

## एमपावरको धितोरहित ऋण

# नेपाली विद्यार्थीका लागि खोल्यो शिक्षाको ढोका

**काठमाडौं/मस-** नेपाली विद्यार्थीहरू अब जग्गा-जमिन धितो राख्नुपर्ने बाध्यताबाट मुक्त हुँदै अमेरिका र क्यानडाका प्रतिष्ठित विश्वविद्यालयहरूमा उच्च शिक्षा हासिल गर्न थालेका छन्।

वासिङ्टन डी.सी.स्थित फिनटेक कम्पनी एमपावर फाइनान्सिङ कम्पनीले धितो वा अमेरिकामा आधारित जमानी बिना नै एकलाख अमेरिकी डलरसम्म (करिब १ करोड ४४ लाख रुपैयाँ) शैक्षिक ऋण उपलब्ध गराएपछि अन्तर्राष्ट्रिय शिक्षा नेपाली विद्यार्थीहरूका लागि अझ सुलभ बन्दै गएको हो।

विगतमा बैंकहरूले उच्च मूल्यका सहरी सम्पत्ति धितो माग्दा किसान परिवारका वा ग्रामीण पृष्ठभूमिका धेरै जेहेन्दार विद्यार्थीहरू विदेश अध्ययनबाट वञ्चित हुँदै आएका थिए। अहिले एमपावरको विद्यार्थी-केन्द्रित वित्तीय मोडेलले शैक्षिक क्षमता र भविष्यको आम्दानी सम्भावनालाई आधार बनाएर ऋण उपलब्ध गराइरहेको छ। क्यानडामा बिजनेस डाटा एनालिटिक्स अध्ययनरत सबिना पुनका अनुसार गाउँको जग्गा धितोका रूपमा स्वीकार नहुने भएपछि उनको विदेश अध्ययन अन्योलमा परेको थियो।

'एमपावर फाइनान्सिङले मेरो अध्ययन यात्रालाई सहज बनायो। आर्थिक दबाब हटेपछि म पूर्ण रूपमा पढाइमा केन्द्रित हुन सकेँ,' पुनले भनिन्।



अनुभवी पेशेवरहरू पनि यस सेवाबाट लाभान्वित भएका छन्। ब्रान्डिस विश्वविद्यालयमा एमबीए अध्ययनरत चार्टर्ड एकाउन्टेन्ट जय भट्टराईले सुरुमा धितोबिना ऋण सम्भव हुनेमा शंका लागेको बताए।

मोन्टक्लेयर स्टेट युनिभर्सिटीमा डाटा साइन्समा स्नातकोत्तर गरिरहेका रोशन कुमार यादवका लागि यो सहयोगले पारिवारिक चिन्ता कम गरिदिएको छ। 'सहयोग पत्र प्राप्त भएपछि मैले बुबालाई ढुक्क पार्न सकेँ। त्यसपछि पढाइमा ध्यान दिन सजिलो भयो,'यादवले बताए। विदेशमा अध्ययन गर्दा आर्थिक सुरक्षाको आवश्यकता सबैका लागि समान चिन्ताको विषय हो। क्यानडाको भ्यानकुभरमा ऊर्जा व्यवस्थापन क्लबको नेतृत्व गरिरहेका उत्तम खत्रीले समयमै सुरक्षित वित्तीय योजना बनाउनुपर्नेमा जोड दिए।

परम्परागत बैंकहरूभन्दा फरक ढंगले काम गर्दै एमपावर फाइनान्सिङले विद्यार्थीहरूलाई परिवारको सम्पत्तिभन्दा भविष्यको क्षमताको आधारमा मूल्यांकन गर्दछ। अमेरिका र क्यानडाका ४ सय भन्दा बढी विश्वविद्यालयसँग सहकार्य गरिरहेको कम्पनीले शैक्षिक ऋणसँगै करिअर काउन्सिलिङ कार्यक्रममार्फत करियर परामर्श र रोजगारी तयारीमा पनि सहयोग प्रदान गर्दै आएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९/१२/१५ मा दर्ता भएको **प्रा. लि. नं. ३१००३०** को श्री **एस. एण्ड डि. हाउजिङ एण्ड रियलस्टेट कम्पनी प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१०/१३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**राहदानी हराएको सूचना**

मिति २०८०।०७।२८ गते काठमाडौंको बसुन्धरा क्षेत्रमा मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु।

**नाम: MIN BAHADUR THAPA**
**पुरानो राहदानी नं.: 06803375**
**ठेगाना: RANI KUWA, SAINAMAINA 1, RUPANDEHI**
**सम्पर्क: 9803858391**

**बीमालेख हराएको सूचना**

मिति २०८२/०९/१० गतेको दिन मेरो हिमालयन लाइफ इन्सुरेन्सबाट जारी भएको बीमालेख चाबाहिल बाट कोटेश्वर जाने क्रममा हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरी दिनुहुन अनुरोध गर्दछु।

**नाम: कमला सापकोटा**
**बीमालेख नं : १०१००१७३२८**
**ठेगाना: बु.न.पा.-१२, कपन**
**सम्पर्क नं: ९८४३५४६५१५**

**Karnali Province Government**
**Ministry of Physical Infrastructure and Urban Development**
**Infrastructure Development Directorate**
**Infrastructure Development Office (IDO)**
**Salyan, Nepal**

**Notice for Opening of Price Bids**

**Date of Publication: 2082/10/14 (28th Jan, 2026)**

1.Pursuant of clause 31 (Ja), Sub clause 5 of Public Procurement Regulation, 2064 (including amendments), this is notify to all the concerned bidders, participated in the bidding of contracts invited through IFB No: 05/IDO/SLN/W/NCB/23/2082/083 published on Sourya dainik dated 2082/08/10 (26th Nov, 2025). The technical bids of following listed bidders for contracts are qualified. All the qualified bidders are notified to participate in the opening of Price Bids scheduled on 2082/10/20 (3rd Feb, 2026) 13:00 hours at the Infrastructure Development Office, Salyan.

| S. N. | Contact ID/ Project Name | Name and Address of Qualified Bidder |
|---|---|---|
| 1. | IDO/SLN/W/NCB/23/2082/083 (Construction and Upgrading of Road connecting Kalimati, Rampur, Ramba-zar, Luham, Salyan, Khalanga(Ch- 0+689 to 0+991(Premix work), Ch-1+830and 3+150 (Multicell Box Culvert), Ch 24+200 and 13+800 (Slab Culvert). | Shaubhagya-F.N- Golden J.V, |
| | | BC/Krijal/Bishal-JV, |
| | | Hamro -Vinci - Parab Joint Venture |
| | | Applied Archi JV |
| | | Keshab Shah-Ujjwal JV |

**काठमाडौँ उपत्यका खानेपानी लिमिटेड**
**सुन्दरीजल पानी प्रशोधन शाखा, काठमाडौँ**

**बागमती नदी देखि सुन्दरीजल पानी प्रसोधन केन्द्रसम्म HDPE पाइप बिछ्याउने आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन तयारी सम्बन्धि सार्वजनिक सूचना**

**(प्रकाशन मिति: २०८२-माघ-१४)**

बागमती प्रदेश, काठमाडौँ जिल्ला, गोकर्णेश्वर नगरपालिका वडा नंम्बर १ मा काठमाडौँ उपत्यका खानेपानी लिमिटेड, सुन्दरीजल पानी प्रशोधन शाखाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | काठमाडौँ उपत्यका खानेपानी लिमिटेड, सुन्दरीजल पानी प्रशोधन शाखा, गोकर्णेश्वर नगरपालिका - ०१, सुन्दरीजल। |
| **प्रस्तावको व्यहोरा** | बागमती नदी देखि सुन्दरीजल पानी प्रशोधन केन्द्रसम्म को ५८० मी. दुरीमा ५०० मि. मि. व्यास (Diameter) भएको HDPE पाइप बिछ्याउने कार्य। |
| **प्राभाव पर्न सक्ने जिल्ला/न.पा.** | काठमाडौँ जिल्ला, गोकर्णेश्वर नगरपालिका वडा नंम्बर १, सुन्दरीजल |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न गोकर्णेश्वर नगरपालिका तथा सो क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, सरोकारवाला व्यक्ति तथा संस्थाको लिखित रायसुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराईदिनुहुन अनुरोध गरिन्छ।

रायसुझावको लागि पत्राचार गर्ने ठेगाना:

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| काठमाडौँ उपत्यका खानेपानी लिमिटेड, सुन्दरीजल शाखा, गोकर्णेश्वर नगरपालिका, वडा नं १<br>फोन नं. ०१-५९१२८१२<br>इमेल : kukl.sundarijal@gmail.com | एलायन्स फरइन्भाइरोमेन्ट प्रा. लि., गैरीधारा, काठमाडौँ<br>इमेल : info.afe2023@gmail.com<br>फोन नं. ०१-४५३२८१४ |

**आई. सि. टि.सामग्री खरिद सम्बन्धी सिलबन्दी कोटेशन आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८२/१०/१४**

यस विद्यालयका लागि आई.सि.टि ल्याब स्थापना गर्न आई.सि.टि. सामग्रीहरू सिलबन्दी कोटेसन आह्वानको माध्यामबाट खरिद गर्नुपर्ने भएकाले उक्त कार्यका लागि इजाजतपत्र प्राप्त फर्म, कम्पनी तथा सप्लायर्सहरूबाट सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र विद्यालय समयमा आई फर्म वा कम्पनी दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र व्यावसाय दर्ता भएको प्रमाणपत्र एवं नविकरण प्रमाणपत्रहरू र प्रत्येक सामग्रीको क्याटलग समेत राखी विद्यालयको लेखाशाखामा रु. ३०००/- (पछि फिर्ता नहुने गरी) बुझाई सिलबन्दी कोटेसन खरिद गरी रितपूर्वक भरी शिलबन्द गरेर पेस गर्न सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ।

**आपूर्ति गर्नु पर्ने सामग्री सम्बन्धी सङ्क्षिप्त विवरण यस प्रकार रहेको छ:(कुल बजेट : १०,७६,८९०/-)**

| सामानको विवरण तथा गुणस्तर | आवश्यक सङ्ख्या | सिलबन्दी कोटेसन खरिद गर्ने र बुझाउने अन्तिम मिति र समय | आवश्यक जमानत |
|---|---|---|---|
| डेष्स्टप कम्प्युटर | ७ थान | (क) खरिद मिति र समय : २०८२/१०/२८ गतेसम्म ४:०० बजे भित्र<br>(ख) बुझाउने अन्तिम मिति र समय : २०८२/१०/२९ गते दिनको ४:०० बजे भित्र | २६,९२३/- (छब्बिस हजार नौ सय तेइस रुपैयाँ मात्र) |
| इन्टर एक्टिभ बोर्ड (स्मार्ट) | ३ थान | | |
| साउण्ड सिस्टम | १ थान | | |
| (वस्तुको गुणस्तर उपलब्ध गराइएको स्पेसिफिकेसन अनुसार हुनु पर्नेछ।) | | | |

**कुञ्चिप्वाकल माध्यमिक विद्यालय, तारकेश्वर-१, काठमाडौं**
**सम्पर्क फोन नं: ९८४१४८४७२०, ९८४९००४३८१, ९८६१८४७७६५।**

**Bishnu Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Simara, Sarlahi, Nepal**

**Invitation for Electronic Bids**

**Date of publication: 2082/10/14 (28 Feb 2026)**

Bishnu Rural Municipality invites Electronic bid from eligble biders as per details given below under NCB Works procedures .

| S. N. | Name of Contract | IFB No. | Bid fee | Bid Security /Bid Bond | Last date of bid purchase | Last date of bid submission | Bid Opening | Pre Bid meeting |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Simara Khatwetole Chowk (Bishnu ga.pa. 6) dekhi Madhyamik Bidhyalay Madhuwan (Bishnu ga.pa. 3) samma ko sadak kalopatre | NCB/BRM/WORKS/ 03/2082/083 | 10,000 | 26,00,000 | 2082/11/15 (2026/02/27) 11:00 | 2082/11/15 (2026/02/27) 11:00 | 2082/11/15 (2026/02/27) 13:00 | 2082/11/01 (2026/02/13) 11:00 |

**Bank Details** :- Nabil Bank Ltd., Bishnu Rural Municipality, Sarlahi.
1. Aantarik rajaswa khata **22201017500031** for Bid fee, 2. Dharauti khata **22201017500023** for Bid security/Bid bond

Biders can download Bid Documents from PPMO's EGP Portal under public entity Name :- Bishnu Rural Municipality, Sarlahi

**साउदीमा रोजगार** | कम्पनी: BAWANI ALOMRAN FOR CONTRACTING COMPANY शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/१०/१३ चलानी नं.: ६०२५१३३९ L.T. No.: 337865

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver (Light) | 10 | 0 | स. काममा दक्ष | 1450 | ५६,७४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ माघ २१ देखि २५ गते सम्म (4 to 8 February 2026) मा हुनेछ।**

कम्पनी: MASCO GENERAL CONTRACTING COMPANY शहर: AL KHOBAR
पूर्व स्वीकृत मिति: २०८२/१०/१३ चलानी नं.: ६०२५१३४० L.T. No.:337866

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 50 | 0 | स. काममा दक्ष | 1000 | ३९,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ माघ २१ देखि २६ गते सम्म (4 to 9 February 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Yatra H.R. Solution Pvt. Ltd.**
Old Baneshwor-9, Kathmandu, Tel: 4114682, 4114683
E-mail: info@yatrahrsolution.com, Web.: www.yatrahrsolution.com
Gov. Lic No. 1096/073/074

**यूएईमा रोजगार** कम्पनी : ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८१/१२/२७ चलानी नं.: ६०२३८६२७ LT. No.:321729 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker/Labour | 200 | 0 | स. काममा दक्ष | 800 | ३१,९७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ माघ २१ गते (4 February 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २४९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Kangaroo Human Resources Pvt. Ltd.**
P O box No: 12772, Battisputali-9, Kathmandu, Phone No: 01-4465882, 4465885
Mob.: 9801090371, 9801854401, 9801122569, E-mail : kangaroohumanrec@gmail.com, Web.: www.kangaroohr.com
Govt. Lic. No.: 1381/074/075

मध्यान्ह
www.madhyanhadaily.com
१४ माघ २०८२ बुधबार
27 January 2026 Wednesday

## छत्रेश्वरी गाउँपालिकाको हिउँदे अधिवेशन

# डेढ करोडभन्दा बढी बजेट रकमान्तर

**प्रदीप मगर/मध्यान्ह**
सल्यान, १३ माघ

छत्रेश्वरी गाउँपालिकाको १९औं हिउँदे अधिवेशन मंगलबार सम्पन्न भएको छ। अधिवेशनमा प्रशासनिक भवन निर्माणका लागि विनियोजित बजेट तत्काल कार्यान्वयन गर्न नसकिने भएपछि उक्त रकम अन्य विकास योजनामा सार्ने निर्णय भएको छ।

गाउँपालिकाको प्रशासनिक भवन निर्माणका लागि छुट्याइएको एक करोड ५० लाख रुपैयाँ जग्गासम्बन्धी कानुनी जटिलताका कारण प्रयोग गर्न नसकिने भएपछि र ठेक्का प्रक्रियाबाट बचत भएको रकम समेत जोडेर कुल एक करोड ७१ लाख रुपैयाँ अन्य विकास योजनामा विनियोजन गरिएको गाउँसभा सचिव तथा प्रमुख प्रशासकीय अधिकृत दीपक बुढाथोकीले जानकारी दिए।



अधिवेशनको अध्यक्षता अध्यक्ष ओजबहादुर बुढाथोकीले गर्नुभएको थियो भने उपाध्यक्ष बुद्धकुमारी खत्रीले बजेट संशोधन प्रस्ताव पेश गरेकी थिइन्। गाउँसभाले उक्त प्रस्ताव बहुमतका साथ पारित गरेको छ। प्रस्तुत गरिएका अन्य सबै विधेयकहरू सर्वसम्मत रूपमा स्वीकृत भएका छन्।

अधिवेशनमा चालु आर्थिक वर्षको प्रगति विवरणसमेत प्रस्तुत गरिएको थियो। आर्थिक विकास समिति संयोजक टिकाराम बुढाका अनुसार पुस मसान्तसम्म गाउँपालिकाले कुल बजेटको २४.८ प्रतिशत मात्र खर्च गरेको छ। ५२ करोड ५३ लाख ३८ हजार १९४ रुपैयाँको कुल बजेटमध्ये १३ करोड ३ लाख १४ हजार ७७३ रुपैयाँ खर्च भएको विवरण गाउँसभामा पेश गरिएको थियो।

यसै क्रममा कृषि व्यवसाय प्रवर्धन ऐन, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक २०८२ गाउँसभामा पेश गरिएको थियो। साथै गत साउनदेखि हालसम्म सम्पन्न सातवटा कार्यपालिका बैठकका निर्णयहरू गाउँसभाबाट अनुमोदन भएका छन्।

विभिन्न वडाध्यक्षहरूले पनि विज्ञापन व्यवस्थापन, बेरुजु फछ्र्यौट कार्यविधि, लेखा समिति गठन तथा कार्यविधि, गाउँसभा सचिवालय स्थापना र स्वीकृत दरबन्दी सम्बन्धी प्रस्ताव पेश गरेका थिए।

अधिवेशन समापन समारोहमा अध्यक्ष ओजबहादुर बुढाथोकीले आपसी सहकार्य र विश्वासकै कारण गाउँपालिकाको काम अघि बढिरहेको उल्लेख गर्दै पारदर्शिता, जवाफदेहिता र जनमुखी विकासलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे। अन्य जनप्रतिनिधिहरूले पनि गाउँपालिकाको समग्र विकासका लागि सहकार्य गर्ने प्रतिबद्धता जनाएका छन्।

# रुकुमपूर्वमा पाँच थान भरुवा बन्दुक बरामद

**किस्मत शेर्पाली/मध्यान्ह**
रुकुमपूर्व, १३ माघ

जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वको अपराध अनुसन्धान टोलीले ५ थान भरुवा बन्दुक बरामद गरेको छ। सूचना प्राप्त भएपछि मंगलबार खटिएको प्रहरी टोलीले भूमे-८, सिपाखोलामा जंगलभित्र रहेको ओडारमा



लुकाइराखिएको अवैध भरुवा बन्दुक फेला पारेको सूचना अधिकारी लालबहादुर विकले जानकारी दिए। उनका अनुसार, बरामद गरिएका ५ थान बन्दुकमध्ये ४ थान साबुत र १ थान बेसाबुत रहेका थिए। प्रहरीले घटनाबारे थप अनुसन्धान अघि बढाएको जनाइएको छ।


**Province Government**
**Ministry of Water Resources and Energy Development**
**Water Supply, Irrigation and Energy Development Directorate**

## Water Supply, Irrigation and Energy Development Office

**Karnali Province, Humla, Nepal**

### Invitation for Electronic Bids

**Date of publication: 2082.10.14 (2026 -Feb-28)**

1. The Water Supply, Irrigation and Energy Development Office, Humla invites only electronic bids from eligible bidders under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations. The name and identification of the contract are as follows:

| Contract Identification no./Description of Project | Estimated Amount with PS in NRs without VAT | Bid Security amount NRs. | Bid document Fee and Bid Security Validity Period |
|---|---|---|---|
| WIEDO/HUMLA/BDIP/13/082-083 (Badkhola dekhi Damaibalu Jyula Irrigation Project Adanchuli -1 Humla) | 3454889.88 | 1,00,000.00 | In case of NCB, Bid document fee is Nrs 3000 and Bid Security Validity period is 120 days. |
| WIEDO/HUMLA/PUGWSP/14/082-083 (Padniwada Utesaini Gallabada Water Supply Project Tajakot-4, Humla ) | 2591320.56 | 73,000.00 | |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Water Supply,Irrigation and Energy Development Office, Humla Tel.: 087680057, 9858322357 Email: wiedohumla2019@gmail.com of office or may visit e-GP system: www.bolpatra.gov.np/egp .
3. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system.

**Office Chief**


# अस्पतालबाटै शव साटिएको घटना छानबिन गर्न समिति गठन




**सिरहा/मस-** सिरहाको लहानस्थित रामकुमार शारडा उमाप्रसाद मुरारका प्रादेशिक अस्पतालमा 'परीक्षण'का लागि राखिएको शव साटिएको घटना छानबिनका लागि पाँच सदस्यीय समिति गठन गरिएको छ।

इलाका प्रशासन कार्यालय लहानका प्रमुख वेदनिधि खनालको संयोजकत्वमा समिति गठन गरिएको हो।

प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले शव साटिएपछि उत्पन्न विवाद र स्थानीयको आन्दोलनका कारण उत्पन्न तनावलाई मध्यनजर गर्दै घटनालाई गम्भीरतापूर्वक लिएर अनुसन्धानका लागि समिति गठन गरिएको बताए।


उनले भने, 'इलाका प्रशासन कार्यालय लहानका प्रमुखको संयोजकत्वमा मृतकका काका, अस्पतालका विशेषज्ञ चिकित्सक, सम्बन्धित वडाका अध्यक्ष र प्रहरी निरीक्षक सहभागी रहने गरी पाँच सदस्यीय छानबिन समिति गठन गरिएको छ। घटनाको निष्पक्ष र प्रभावकारी छानबिनका लागि अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा.रन्जित झालाई केही समयका लागि बिदामा बस्न र शवगृहका कर्मचारीलाई जिम्मेवारीबाट हटाउन निर्देशन दिइसकेका छौं।'

गत शनिबार आत्महत्या गरेको भनिएकी गोलबजार नगरपालिका-३ की १६ वर्षीया निशा बानियाँको शव परीक्षणका लागि अस्पतालमा राखिएको थियो।

सोही समयमा सप्तरीकी अर्की एक समान उमेरकी किशोरी राधिकाकुमारी साहको शव पनि परीक्षणका लागि अस्पतालमा राखिएको अवस्थामा अस्पतालले झुक्किएर निशाको शव राधिकाको परिवारलाई बुझाएको थियो। परिवारले आइतबार नै शवको अन्त्येष्टि गरिसकेका छन्।

सोमबार निशाका बुबा पूर्णबहादुर बानियाँ शव लिन पुग्दा मात्रै शव साटिएको रहस्य खुलेको हो।

# अरुण तेस्रो आयोजनामा कार्यरत मजदुर मृत फेला



**संखुवासभा/मस-** संखुवासभाको मकालु गाउँपालिका-५ फ्याक्सिन्दास्थित अरुण तेस्रो जलविद्युत् आयोजनाका एक मजदुर मृत फेला परेका छन्।

आयोजनाको ड्यामसाइड फ्याक्सिन्दामा कार्यरत मजदुर मृत अवस्थामा भेटिएका हुन्। उत्तर दक्षिण कोशी राजमार्गको नालिमा मोरङ केराबारी गाउँपालिका-१० घर भई हाल अरुण तेस्रोको ड्यामसाइड फ्याक्सिन्दामा कार्यरत २२ वर्षीय बाउट तामाङ आज दिउँसो मृत फेला परेका जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी निरीक्षक धनबहादुर राजवंशीले जानकारी दिए।

तामाङको शव उत्तर दक्षिण कोशी राजमार्गको नालीमा मृत अवस्था फेला परेको प्रहरी जनाएको छ। शव परीक्षणका लागि जिल्ला अस्पताल संखुवासभा ल्याइएको र घटनाको थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।


## कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८२/१०/१४ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।
यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ।**

**तपसिल**

### सिद्धार्थनगर, रुपन्देही

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताहरुको विवरण |
|---|---|
| प्रदेश सरकार ५ नं. प्रदेश, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपाभोक्ता हित संरक्षण निर्देशालय, घरेलु तथा साना उद्योग कार्यालय, सिद्धार्थनगर रुपन्देही प्राइभेट फर्म दर्ता ऐन २०७६ बमोजिम मिति २०७७/०६/२१ मा प्रा.फ. दर्ता नं. २०२६१/०७७/०७८ कायम भई आन्तरीक राजश्व कार्यालय भैरहवा, रुपन्देहीबाट मिति २०८०/०५/०४ मा स्थायी लेखा नम्बर ६२०३२०७७१ को प्रमाणपत्र प्राप्त भई रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०८, स्थित **के.सी. चिकन कर्नर**।<br>**प्रोप्राइटरः गिता के.सी.**<br>ना.प्र.नं.४२३०१५/४४६<br>जारी मिति- २०६३/१०/०७<br>बुवा- टेक ब. क.सी.<br>बाजे - मोतीलाल खत्री<br>पती - सोम ब. के.सी.<br>स्थायी ठेगाना - स्याङ्जा जिल्ला चिन्नेवास गा.वि.स वडा नं. ०३<br>हालको ठेगाना - रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०८ | १. **दिक्षा कुवर**<br>ना.प्र.नं.- ३७-०१-७५-०२७७१-रुपन्देही<br>जारी मिति - २०७५/०२/२३ जि.प्र.का. स्याङ्जा<br>बुवा - कृष्ण बहादुर कुवर<br>बाजे - हर्क बहादुर कुवर<br>पति - सुन्दर के.सी.<br>स्थायी ठेगाना -स्याङ्जा जिल्ला बिरुवा गा.वि.स वडा नं. ०६<br>हालको ठेगाना - रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०८<br>२. **सुन्दर के.सी.**<br>ना.प्र.नं.- ४२२०१५/१०६५<br>जारी मिति - २०७२/१२/०८, जि.प्र.का. स्याङ्जा<br>बाबु - सोम बहादुर के.सी.<br>बाजे - डम्बर बहादुर के.सी.<br>पत्नी - दिक्ष कुवर<br>स्थायी ठेगाना -स्याङ्जा जिल्ला चिन्नेवास गा.बि.स वडा नं. ०३<br>हालको ठेगाना - रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०८ |

**धितो सुरक्षणको विवरण**

१. **दिक्षा कुवर**को नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देही दर्ता कायम रहेको रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ९ग स्थित कित्ता नं १६९३ को क्षेत्रफल ०-०-८-० (बि.क.धु.क) को जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

### वीरगंज, पर्सा

| १. ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|
| १. **चोकट प्रसाद साह**<br>ना.प्र.नं.- १६५५२१११<br>जारी मिति -२०३८/०३/०४, जि.प्र.का. पर्सा<br>बाबु - बैजनाथ साह कलवार<br>बाजे - मंसा साह कलवार<br>स्थायी ठेगाना- पर्सा जिल्ला बिश्रामपुर गा.वि.स. वडा नं. ७<br>हालको ठेगाना - पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १३ | १. **श्रीमती गीर्जा देबी साह**<br>ना.प्र.नं.- ३९४१<br>जारी मिति -२०४६/०३/१३, जि.प्र.का. पर्सा<br>बाबु - गौरी शंकर प्रसाद कलवार<br>बाजे - वंसी साह कलवार<br>स्थायी ठेगाना- पर्सा जिल्ला बिश्रामपुर गा.वि.स. वडा नं. ७<br>हालको ठेगाना- पर्सा जिल्ला वीरगंज म.न.पा. वडा नं. १३ |

**धितो सुरक्षणको विवरण**

१. **श्रीमती गीर्जा देवी साह**को नाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १४ स्थित कित्ता नं. १६२ को क्षे.फ. २६१.२० (व.मी) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सो को सम्पुर्ण लिगलगापातहरु समेत।

### सिमरा, बारा

| ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| १. **लखनलाल चौधरी**<br>ना.प्र.नं.- ३३८२८९/५०९२/६२१<br>जारी मिति - २०५७/०३/१६ जि.प्र.का. बारा<br>बाबु - टियाई भन्ने कमल चौधरी<br>बाजे - चरित्र चौधरी<br>स्थायी ठेगाना- बारा जिल्ला भवानीपुर जितपुर गा.वि.स. वडा न. ०५<br>हालको ठेगाना- बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा. वडा नं. ०४ | १. **लालवतीया देवी चौधरी**को नाममा मालपोत कार्यालय बारामा दर्ता कायम भएको बारा जिल्ला भवानीपुर जितपुर गा.बि.स. वडा नं. ५ स्थित कि.न. ५२६ को क्षेत्रफल ०-९-१० (बि.क.धु) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापत समेत। |

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| १. **लालवतीया देवी चौधरी**<br>ना.प्र.नं.- १६११८<br>जारी मिति - २०६२/०१/१८, जि.प्र.का. बारा<br>बाबु - मजहर चौधरी<br>पति - टियाई भन्ने कमल चौधरी<br>स्थायी ठेगाना- बारा जिल्ला भवानीपुर जितपुर गा.वि.स. वडा न. ०५<br>हालको ठेगाना- बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा. वडा नं. ०५<br>२. **हेमन्ती देवी चौधरी**<br>ना.प्र.नं.- ३३२०७९/३६९१३<br>जारी मिति - २०६९/१०/१४ जि.प्र.का. बारा<br>बाबु - विसुन राउत थारु<br>पति - लखनलाल चौधरी<br>स्थायी ठेगाना- बारा जिल्ला भवानीपुर जितपुर गा.बि.स. वडा नं. ०५<br>हालको ठेगाना- बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा. वडा नं. ०४ | ३. **अस्मित चौधरी**<br>ना.प्र.नं.- ३३२०७९/३६९१४<br>जारी मिति - २०६९/१०/१४, जि.प्र.का. बारा<br>बाबु - लखनलाल चौधरी<br>बाजे - टियाई भन्ने कमल चौधरी<br>स्थायी ठेगाना- बारा जिल्ला भवानीपुर जितपुर गा.बि.स. वडा नं. ०५<br>हालको ठेगाना- बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा. वडा नं. ०४<br>४. **बिजय चौधरी**<br>ना.प्र.नं.- ३३२१०१/४६६९५<br>जारी मिति - २०७३/०५/१६, जि.प्र.का. बारा<br>बाबु - लखनलाल चौधरी<br>बाजे - टियाई भन्ने कमल चौधरी<br>स्थायी ठेगाना- बारा जिल्ला भवानीपुर जितपुर गा.बि.स. वडा नं. ०५<br>हालको ठेगाना- बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा. वडा नं. ०४ |

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१**

# विद्यालयस्तरीय वित्तीय साक्षरता सम्पन्न

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, १३ माघ

गौर नगरपालिकामा विद्यालयस्तरीय वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा सम्पन्न भएको छ । गौर नगरपालिका वडा नं. ७ स्थित श्री सरस्वती माध्यमिक विद्यालयका कक्षा १० का विद्यार्थीहरूलाई लक्षित गर्दै आयोजना गरिएको एक दिवसीय कार्यक्रम नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्वीस सरकारबीचको द्विपक्षीय सम्झौता अन्तर्गत सञ्चालित सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत संचालन गरिएको हो ।



कार्यक्रमको अध्यक्षता विद्यालयका प्रधानाध्यापक कमरूल हकले गरेका थिए । वित्तीय साक्षरता प्रशिक्षण सहजकर्ता इन्दल कुमार सिंहले विद्यार्थीहरूलाई पैसाको महत्त्व, खर्चको प्राथमिकता निर्धारण, भविष्यका लागि आर्थिक योजना, ऋण व्यवस्थापन, जोखिम व्यवस्थापन र पारिवारिक बजेट निर्माणका बारेमा प्रशिक्षण दिएका थिए ।

त्यसैगरी, मनोसामाजिक परामर्शकर्ता अर्चना कुमारी साहले विद्यार्थीहरूको मानसिक स्वास्थ्य, मनोसामाजिक परामर्शको आवश्यकता र यसको समाजमा प्रभावबारे अन्तरक्रियात्मक कक्षा सञ्चालन गरेकी थिइन् ।

कार्यक्रम हेल्भेटास नेपालको प्राविधिक सहयोग र गौर नगरपालिकाको नेतृत्वमा सञ्चालन गरिएको हो । सामी कार्यक्रमको उद्देश्य वैदेशिक रोजगारीमा रहेका परिवार र उनीहरूका बालबालिकालाई आर्थिक रूपमा सचेत र मानसिक रूपमा सबल बनाउनु रहेको छ ।

विद्यालय स्तरबाटै सुरु गरिएको यो अभियानले आगामी पुस्तामा बचत गर्ने बानी र आर्थिक अनुशासन कायम गर्न मद्दत पुग्ने विश्वास व्यक्त गरिएको छ । कार्यक्रममा विद्यालयका शिक्षक-शिक्षिका र सामी परियोजनाका प्रतिनिधिहरूको समेत उपस्थिति रहेको थियो ।

## लेटाङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश

### बोलपत्र स्वीकृत गर्ने आशयको सार्वजनिक सम्बन्धमा

**सूचना प्रकाशन मितिः २०८२/१०/१४**

लेटाङ नगरपालिकाको आ.व. २०८२/०८३ मा Sustainable Extraction, collection and selling of Riverbed material of Chisang, Teli and MorangiKhola का लागि बोलपत्र आव्हानको सार्वजनिक सूचना प्रकाशन आव्हान गरिएकोमा तपसिल बमोजिमको बोलपत्र सारभूत रूपमा प्रभावग्राही ठहर भई स्वीकृत गरिने भएकाले सम्बन्धित सरोकारवालाहरूका लागि ७(सात) दिने आशयको सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| क्र.सं. | ठेक्का नम्बर | ठेक्काको नाम | फर्मको नाम | कबोल अंक (मुअकर बाहेक) रु. |
|---|---|---|---|---|
| १ | LM/MOR/NCB/ REB/2082-083/02 | Sustainable Extraction, collection and selling of Riverbed material of Chisang, Teli and Morangi Khola | Pathibhara Carrier Pvt. Ltd. Itahari – 4, Sunsari | ६,२९,२०,४५२।३० |

**प्रमुख प्रशासकीय अधिकृत**

## Letang Municipality
## Office of Municipal Executive
**Letang, Morang**
**Koshi Province, Nepal**

### INVITATION FOR BIDS

**Date of Publication: 28 January 2026 (2082 Magh 14)**

The Letang Municipality, Morang invites electronic bids from eligible bidders for the procurement listed below under National Competitive Bidding procedures**.** Eligible Bidders may obtain further information at the office of Letang municipality, Morang or may visit PPMO's website www.bolpatra.gov.np/egp or. Electronic bids must be submitted through the e-GP system i.e. www.bopatra.gov.np/egp **on or before 27 February 2026 (2082 Falgun 15) at 12:00**.

| S. N. | IFB No. | Particulars | Estimated Cost Exclusive of VAT& Contingency (NRs.) | Bid Security Amount (Nrs.) | Cost of Bidding Document (Nrs.) | Bid/Bid security Validity Period (Days) |
|---|---|---|---|---|---|---|
| 1 | LM/MOR/NCB/ W/2082-83/12 | Construction of Black Topped Road in Shivalaya Marga | 29,21,049.44 | 80,000.00 | 3,000 | 90 days/ 120 days |
| 2 | LM/MOR/NCB/ W/2082-83/13 | Yalamber Sakela Park Nirman in Kritiman Letang 3 | 29,63,115.55 | 80,000.00 | 3,000 | 90 days/ 120 days |

**Chief Administrative Officer**

## Itahari Sub-Metropolitan City
## Office of the Municipal Executive
**Itahari, Sunsari**

### Invitation for Bids

**Date of Publication: 2082/10/14 BS**

1. Itahari Sub-Metropolitan City Office of the Municipal Executive, Itahari, Sunsari invites NCB from eligible domestic bidders for the Contracts named below.

| S. N. | Contract Identification Number | Work/Description | Bid Price NRs. | Bid Security Amount NRs. | Bid Security Period | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | ITR/NCB/30G/ 082/083 | Providing River Bed Material (RBM) Including Loading, Transportation and Unloading at Different Site of Itahari Sub Metropolitan City, Itahari, Sunsari | 3,000.00 | 2,50,000.00 | 120 days | Single-Stage, Single-Envelope (NCB) |

2. Bidder Shall have the option of submitting their bids electronically only. Submission of Hard Copy bids shall not be entertained.
3. Matters not Covered in the notice shall be accordance with prevailing rules and regulation of GoN.
4. Any amendments in this Tender notice will be posted in the notice board of Itahari Sub-Metropolitan City, Office of the Municipal Executive or may Visit PPMO e-GP System at www.bolpatra.gov.np/egp.


## ZERO COST RECRUITMENT OPPORTUNITY IN MALAYSIA !!
## शून्य लागत अन्तर्गत मलेसियामा रोजगारीको अवसर !!

**रोजगारदाता कम्पनी : एल्ना पीसीबी एसडिएन. बीएचडी. ठेगाना : पेनाङ**
**(अहिले लिन्क्सटेक सर्किट मलेसिया एसडिएन. बीएचडी. नामले चिनिने)**
(Employer Company) : ELNA PCB (M) SDN BHD Address: PENANG
(Now known as LINCSTECH CIRCUIT MALAYSIA SDN. BHD.)

**Short description about Company (कम्पनीको बारेमा छोटो जानकारी)**

**About Company : Established in November 1994, ELNA PCB (M) Sdn. Bhd. is a member of PSA Group focused on manufacturing Printed Circuit Boards and components for various applications, including automotive, industrial, and home appliances.**
